# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० | अंक २१३ | काठमाडौं | आइतबार, १७ मंसिर २०८० | Prabhab National Daily | Sunday, December 3, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


कोप-२८ मा प्रधानमन्त्रीको सम्बोधन

## नेपालमाथिको अन्याय रोकिनुपर्छ

- हिमनदीका एक तिहाइ हिस्सा गुमाइसकेको र वैज्ञानिकहरूले यस शताब्दीको अन्त्यसम्म थप एक तिहाइ हिस्सा गुमाउने अवस्था भएको उल्लेख
- हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्ने प्रधानमन्त्रीको भनाइ




**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वव्यापी उत्सर्जनमा नेपालको भूमिका शून्य प्रायः भए पनि जलवायु परिवर्तनको प्रत्यक्ष एवं हानिकारक असर भोगिरहेको बताएका छन् । संयुक्त अरब इमिरेट्स (युएई)मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-२८)को कन्फ्रेन्स अफ पार्टिजलाई शनिबार सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

'हामीमाथि भएको डरलाग्दो अन्यायका कारण हाम्रा नागरिक बाढी पहिरो, डढेलो, हिमनदी विष्फोट, खडेरीजस्ता जलवायुजन्य संकटबाट नराम्ररी प्रभावित भएका छन् ।'

आफू तीन करोड नेपालीको सन्देश लिएर यस सम्मेलनमा सहभागी भएको उल्लेख गर्दै उनले विश्वव्यापी रूपमा बढ्दो तापक्रमले हाम्रा हिमाललाई यातना दिइएको बताए । उनले भने, 'तिनीहरूलाई पहिले बचाउनुहोस् ।'

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संयन्त्र (आइपिसिसी)ले दिएको प्रतिवेदनबाट आफूलाई सबैभन्दा बढी चिन्तित तुल्याएको उल्लेख गर्दै उनले जलवायु प्रेरित प्रकोपले हिमाली क्षेत्रमा कीर्तिमान तोडिरहेको बताए । प्रधानमन्त्री दाहालले हाम्रा हिमनदीका एक तिहाइ हिस्सा गुमाइसकेको र वैज्ञानिकहरूले यस शताब्दीको अन्त्यसम्म थप एक तिहाइ हिस्सा गुमाउने अवस्था बताएको यथार्थता पेस गरे । उनले यो हामी सबैका लागि जागरणको घण्टीसमेत भएको बताए । हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्ने प्रधानमन्त्रीको भनाइ छ ।

त्यसले विश्व समुदायको सेवा गरेको र तल्लो तटीय क्षेत्रका मानिसका लागि जीविकाको प्रमुख स्रोतका रूपमा रहेको उनले स्पष्ट पारे ।

प्रधानमन्त्री दाहालले नेपालमाथि भएको अन्याय अब रोकिनुपर्ने स्पष्ट धारणा राखे । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले हालै गरेको नेपाल भ्रमणका क्रममासमेत 'प्रकृतिविरुद्धको युद्ध बन्द गर' भनी आफ्ना धारणा सार्वजनिक गरेको विषय उल्लेख गरे ।

उनले 'प्रकृति र मानवताविरुद्धको युद्ध' भएको र आफ्नो स्वार्थ पूरा गर्नका लागि हामी आफैं र भावी पुस्तासँगसमेत लडिरहेको बताए । 'म यहाँ मेरो निर्दोष मानिसका लागि जलवायु न्यायका लागि उभिएको छु जो यस प्रकोपबाट पूर्ण पीडित छन्,' उनले भने ।

नेपाल-पेरिस सम्झौताप्रति पूर्णप्रतिबद्ध रहेको सन् २०४५ सम्ममा नेट शून्य हरितगृह ग्यास उत्सर्जनको लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले जुन विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्ष अगाडि रहेको बताए ।


(बाँकी पृष्ठ २ मा)


## न्यायको प्रतीक्षा

### नवराज विकसहित ६ जनाको हत्या मुद्दामा आज आदेश आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्णाली प्रदेशको रुकुम पश्चिममा पर्ने सोती गाउँमा आफ्नी 'उच्च जातीय' प्रेमिकाको घर जाने क्रममा २१ वर्षीय नवराज विकसहित छ जनाको हत्या घटनासम्बन्धी मुद्दामा आज आदेश आउँदै छ । उच्च अदालत सुर्खेतका प्रवक्ता अरुणकुमार कोइरालाले पीडिततर्फका वकिलहरूको मुद्दामा प्रत्युत्तर बहसपछि आदेश आउने बताए । उनका अनुसार पीडित तर्फबाट वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहितका वकिलहरूले आज प्रत्युत्तर बहस गर्ने छन् । प्रत्यर्थीतर्फका वकिलहरूको बहस यसअघि नै सकिएको छ ।

सोती घटनालाई जातीय नरसंहारको रूपमा लिने गरिन्छ । घटनाप्रति अन्तर्राष्ट्रिय समुदायले चासो राखेको छ । संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले पीडितहरूले न्याय पाउनुपर्ने भन्दै न्यायालयबाट अन्याय नहुने विश्वास व्यक्त गरिसकेको छ । तर, नेपालमा जातीय विभेद र हिंसासँग जोडिएका अपराधमा दण्डहीनता उच्च रहेको भन्दै निष्पक्ष छानबिनको माग गरेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले पनि घटना क्रुर र जातीय हिंसायुक्त घटना भएको भन्दै दोषीलाई कानुनअनुसार कारबाही हुनुपर्ने जनाइसकेको छ । संसदीय विशेष समितिले पनि जातीय भेदभावले प्रेरित भएर घटना गराएको औंल्याइसकेको छ । घटनामा संलग्न जो कोहीलाई कानुनअनुसार कारबाहीको माग समितिले गरेको छ । माओवादी सांसद देवेन्द्र पौडेल नेतृत्वको उक्त समिति सदस्यहरूमा तत्कालीन सांसदहरू एकवाल मियाँ, दुर्गा पौडेल, पार्वतीकुमारी विशुन्के, प्रकाश रसाइली, विमला विक, महेश्वरजंग गहतराज, मिनबहादुर विश्वकर्मा र रामसहायप्रसाद यादव थिए ।




- पीडित तर्फका वकिलहरूको मुद्दामा प्रत्युत्तर बहसपछि आदेश आउने
- मुद्दामा अन्तर्राष्ट्रिय समुदायको विशेष चासो
- घटनामा नवराज विक, सञ्जु विक, गणेश बुढा, लोकेन्द्र सुनार, टीकाराम सुनार र गोविन्द शाहीको हत्या

घटना १० जेठ २०७७ मा भएको हो । घटनामा मारिनेमध्येका नवराज आफ्ना २९ जना साथीहरूसहित प्रेमिका लिन भन्दै सोती गाउँमा गएका थिए ।


(बाँकी पष्ठ २ मा)


## काठमाडौंमा मेलम्चीको पानी आउने अनिश्चित

**काठमाडौं–** खानेपानीमन्त्री महिन्द्रराय यादव खानेपानी आयोजना निरीक्षणका लागि मेलम्ची पुगेका छन् । बाढीका कारण क्षति पुगेको मेलम्ची आयोजनाको मुहानलगायत क्षेत्रमा अनुगमनका लागि उनी शनिबार त्यहाँ पुगेका हुन् ।

खोला तर्दै गर्दा मन्त्री यादवले भने काठमाडौंवासीलाई चाँडो पानी पुऱ्याउनुपर्छ है भन्दै निर्देशनसमेत दिन थालेका थिए । मन्त्री यादवले काठमाडौंवासीलाई चाँडो पानी पुऱ्याउन आयोजनाका कर्मचारीलाई निर्देशन दिए पनि बाढीले मुहानलगायत क्षेत्रमा निकै ठूलो क्षति गरेकाले कहिले काठमाडौंमा पानी आउँछ भन्ने यकीन समय भन्न नसकिने अवस्थामा रहेको छ ।

मन्त्री यादव पानी काठमाडौं चाडो पठाउने विषयमा छलफल गर्न भन्दै शनिबार पनि त्यतै बसेका छन् । जस्तोसुकै परिस्थितिको सामना गरेर भए पनि पानी काठमाडौं झार्नुपर्ने भन्दै मन्त्री यादव विभिन्न निकायका व्यक्ति तथा निर्माण व्यावसायीसँग छलफलमा जुटेको उनको सचिवालयका टंक धमलाले जानकारी दिए ।

'मेलम्चीको पानी काठमाडौं पुऱ्याउने विषयमा मन्त्री लागि पर्नुभएको छ, सबैसँग छलफल भइरहेको छ, बाढीका कारण क्षति पुगेका संरचना निर्माण गरेर चाँडै पानी काठमाडौं पुग्छ,' उनले भने । निर्माण व्यावसायीको ढिलाइ र बाढीले आयोजना संरचनामा क्षति पुऱ्याएकाले


(बाँकी पष्ठ २ मा)


सन्दर्भः वैदेशिक रोजगार

## स्वास्थ्य संस्थाहरूको नवीकरण पुस मसान्तभित्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूले पुस मसान्तभित्र नवीकरण गरिसक्नुपर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एक सूचना जारी गर्दै यसअघि कामदारको स्वास्थ्य परीक्षण गर्न सूचीकृत भएका स्वास्थ्य संस्थाहरूलाई पुस १ गतेदेखि मसान्तसम्म सूचीकरण नवीकरण गरिसक्नुपर्ने उल्लेख गरेको छ ।

स्वास्थ्य परीक्षणका लागि मन्त्रालयमा सूचीकृत भएका संस्थाहरूले नवीकरण दस्तुर १५ हजार रूपैयाँ बुझाउनुपर्नेछ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ र नियमावली, २०६४ को निमय ४५ (क) अनुसार वैदेशिक रोजगारीका लागि जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरू अनिवार्य श्रम मन्त्रालयमा सूचीकृत गर्नुपर्ने व्यवस्था छ । सोही बमोजिम यसअघि सूचीकृत स्वास्थ्य संस्थालाई नवीकरण गर्न/गराउन मन्त्रालयले सूचना जारी गरेको जनाएको छ । संस्थाहरूले सूचीकरण नवीकरण भएको मितिले तेस्रो वर्षको पुस एक गतेदेखि पुस मसान्तसम्म तोकिएको दस्तुर बुझाइ पुनः नवीकरण गर्न पाइने मन्त्रालयले उल्लेख गरेको छ ।

स्वास्थ्य संस्थाले नवीकरणका लागि निवेदन दिँदा यसअघि सूचीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो वर्ष नवीकरण भएको भए त्यसको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ । यसैगरी अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि, स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट संस्था सञ्चालन स्वीकृतिको प्रमाणपत्र र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपिसमेत पेस गर्नुपर्नेछ । नाम वा ठेगाना परिवर्तन गरेको भए सम्बन्धित निकायबाट त्यसको स्वीकृति प्राप्त गरेको पत्रको प्रतिलिपि पेस गर्नुपर्ने मन्त्रालयले उल्लेख गरेको छ । तोकिएको सर्तहरू पूरा नगरिएको खण्डमा स्वस्थ्य संस्थाको नवीकरण नहुने र कारोबार रोक्का गरिने मन्त्रालयले सम्बन्धित सबैलाई सूचित गरेको छ ।




मन्त्रालयले गत बिहीबार (१४ मंसिर) 'वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२' को पाँचौं संशोधन गरेपश्चात् उल्लिखित सूचना जारी गरेको हो । उक्त कार्यविधिअनुसार मन्त्रालयमा नयाँ सूचीकृत हुन चाहने स्वास्थ्य संस्थाले आवेदन दिने मितिसम्म कम्तीमा तीन हजार जना बिरामी परीक्षण गरेको र सञ्चालनमा आएको छ महिना पूरा भएको हुनुपर्ने व्यवस्था गरिएको छ ।

## वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने तीन जना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा तीन जना पक्राउ परेका छन् । सर्बिया, माल्टा र क्रोएसियामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितबाट रकम लिएर फरार रहेको आरोपमा दीपेश बाँस्कोटा, लक्ष्मी श्रेष्ठ र भवानी बोहोरालाई प्रहरीले पक्राउ गरेको हो ।

बाराको जितपुरसिमरा उपमहानगरपालिका-१ बस्ने २५ वर्षीय बाँस्कोटाले तीनजनासँग सर्बिया पठाई प्रतिष्ठित कम्पनीमा मासिक एक लाख रूपैयाँ तलबमा प्याकिङको काम लगाइदिने भन्दै पटक-पटक गरी १७ लाख १७ हजार ३०० रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनलाई खोजतालासका क्रममा सिमराबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै काठमाडौं बाफल बस्ने धादिङ त्रिपुरा सुन्दरी गाउँपालिका-१ घर भएकी २९ वर्षीया श्रेष्ठले दुई जनासँग माल्टा पठाइ प्रतिष्ठित होटलमा मासिक एक लाख रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै छ लाख आठ हजार रूपैयाँ लिएर सम्पर्कविहीन भएको बताइएको छ। उनलाई बाफलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । यसैगरी ललितपुर लुभु बस्ने सिन्धुपाल्चोक घर भएकी ४६ वर्षीया बोहराले दुई जनालाई क्रोएसिया पठाइ प्रतिष्ठित कम्पनीमा मासिक एक लाख २० हजार रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै दुई लाख रूपैयाँ लिएर फरार रहेको अवस्थामा लुभुबाटै पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ ।

तीनै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### न्यायको...

यसपछि प्रेमिकाका बुबाआमासँगै गाउँलेहरूले लखेटी लखेटी उनीसहित छ जनाको हत्या गरेका थिए । हत्या गरिएकामा जाजरकोट भेरी नगरपालिका-४ का २१ वर्षीय नवराज विक, सञ्जु विक, गणेश बुढा, भेरी नगरपालिका-११ का लोकेन्द्र सुनार र चौरजहारीका टीकाराम सुनार र भेरी नगरपालिका-११ का गोविन्द शाही थिए । उनीहरू सबैको शव भेरी नदीमा फेला परेको थियो । उनीहरूको परिवारले भने नवराजसहित छ जनाको हत्या गरेर शव नदीमा फालेको दाबी गर्दै आएका छन् ।

घटनामा मारिएकाको परिवारलाई सरकारले राहतस्वरूप १० लाख रूपैयाँ दिएको थियो । घटनामा अन्य १२ जना घाइते भएका थिए ।

दलित अभियन्तासमेत रहेका समाजशास्त्री डा. मित्र परियारले आजको दिनलाई निकै महत्त्वका साथ हेरिने बताएका छन् । 'यो मुद्दामा पीडित परिवारहरूको प्रमुख सरोकार त रहने नै भयो । सम्बन्धित गाउँलेहरूको, समग्र दलित समुदायको मात्रै पनि होइन, सम्पूर्ण न्यायप्रेमी नेपालीहरूको समेत व्यापक चासो र चिन्ता छ,' उनले भनेका छन्, 'अलिकति पनि मानवीय भावना भएका मानिसले न्यायको कामना गरिरहेका छन् ।'

घटनामा प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले ३३ जनालाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय छुवाछूत तथा भेदभावको कसुर र एकजनालाई मतियारको रूपमा मुद्दाको अभियोजन गरेको थियो । तर, सबैजना पक्राउ परिसकेका छैनन् । पाँचजना प्रतिवादी फरार छन् ।

घटनामा मारिएकाहरूलाई सामाजिक रूपान्तरकोण सहिद घोषणा गर्न माग भएको थियो । यस्तो माग कांग्रेसकी तत्कालीन सांसद विमला नेपालीले गरेकी हुन् । तर, उनीहरूलाई सहिद घोषणा गरिएको छैन । दलित र गैरदलित गरी छ जनाको हत्या भएको घटनालाई लिएर पूर्वप्रधानमन्त्री डा.. बाबुराम भट्टराई सडकमा आएका थिए । मारिएका छ जना युवकका आमाहरू न्यायका लागि भन्दै काठमाडौं आएकी थिइन् । तत्कालीन सत्तारूढ नेकपा र विपक्षी कांग्रेसलगायत दलका सांसदहरूले घटनाप्रति दुःख व्यक्त गर्दै पीडितहरूलाई न्याय दिनुपर्नेमा सरकारमाथि दबाब बढाएका थिए । घटना गराउनेमा वडाध्यक्षसहितका मानिसहरू संलग्न देखिएका थिए ।

## पृष्ठ १ बाट क्रमशः

### काठमाडौंमा...

पानी काठमाडौं पठाउनका लागि केही ढिलाइ भएको मन्त्री यादवले बताए ।

उनले भने, 'ठेकेदारले काम नगरेमा उपभोक्ता समितिबाट भए पनि काम गरी चाँडोभन्दा चाडो पानी काठमाडौं पठाउन हामी लागिपरेका छौं, एक महिनाभित्रमा पानी काठमाडौं पुऱ्याउने हाम्रो लक्ष्य हो ।'

मेलम्ची खानेपानीको मुहानस्थल हेलम्बु अम्बाथान लगायतको क्षेत्रको स्थलगत अनुगमन पछि मन्त्री यादवले बाढीका कारण मुहानलगायत क्षेत्रमा समस्या भए पनि काठमाडौं पानी पठाउनका लागि तीव्रगतिमा काम सुरु भएको बताए । उनले भने, 'मुहानमा बाढीलगायत विभिन्न समस्याका बाबजुद पनि अहिले काम सन्तोष जनक हिसाबले भइरहेको छ ।' शुक्रबारको अनुगमनका क्रममा पानी चाँडै काठमाडौं पुऱ्याउनेमा मन्त्री यादव निकै आतुर रहेका देखिन्थे ।

बाढीका कारण मेलम्चीका ७ नम्बर गेट, ९ नम्बर गेड, १९ नम्बर गेट र २१ नम्बर गेटमा क्षति पुऱ्याएको मेलम्ची खानेपानी आयोजनाको कार्यालयले जनाएको छ । क्षति पुऱ्याएका संरचना निर्माणदेखि मर्मत गरेर पानी काठमाडौंमा पठाउनुपर्ने अवस्था रहेको मेलम्ची खानेपानी आयोजनाका सिनियर डिभिजनल इञ्जिनियर पदमबहादुर कुवँरले बताए ।

उनले भने, 'यति दिनमा पानी काठमाडौं पुग्छ भन्न सक्ने अवस्था छैन, काम तीव्र गतिमा सुरु भएको छ, पानी काठमाडौंमा महिना दिनमा पुऱ्याउने आशा गरेका छौं ।' प्राविधिक र अन्य समस्या भएकाले यति दिनभित्र पानी पुग्छ भन्न सकिने अवस्था नभएको र अन्य समस्या र अवरोध नआए एक महिनामा पानी काठमाडौं पुग्ने उनको भनाइ छ ।

हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले काठमाडौंमा पानी पठाउनका लागि स्थानीय सरकारकातर्फबाट पूर्णरूपमा सहयोग भइरहेको बताए । उनले भने, 'मेलम्चीको पानी काठमाडौं पठाउनका लागि स्थानीय सरकार र जनता पूर्णरूपमा सहयोग गरिरहेका छन्, हाम्रा पनि केही माग भएकाले पटक-पटक प्रधानमन्त्री तथा अन्य मन्त्रालयमा ज्ञापनपत्र बुझाएका छौं, ती मागहरूको सम्बोधन हुनुपर्छ ।' *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०८/१७

यस कम्पनीको मिति २०७९/०७/१६ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एम. डब्लु एड्भेनचर प्रा.लि. (प्रा.लि. नं. १२८१२३** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०७/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मेरोवे एड्भेन्चर नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/१७ गते)

श्री पाल सिं कपालीको छोरी, हृदय मान कपालीको श्रीमति काठमाण्डौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. ८ बस्ने लक्ष्मी कुमारी कपालीको मिति २०८०/०३/२७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको श्री लक्ष्मी कुमारी कपालीको खाता नं २०४०२३१००१५००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको नाति सुविन कपालीले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं ०१-४२४६१०५

## पृष्ठ १ बाट क्रमशः

### नेपालमाथिको...

उनले नेपालले स्वच्छ ऊर्जाका लागि जलविद्युत्को अधिकतम उपयोग गरेको तथा ४५ प्रतिशत भूक्षेत्रमा वनजंगल कायम गरेको यथार्थ विवरणसमेत पेस गरे । जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण योजना कार्यान्वयन गर्ने हाम्रा प्रयासले गम्भीर वित्तीय र प्राविधिक जटिलता सामना गरिरहेको उल्लेख गरे । विकसित देशले यसअघि जनाएको आफ्नो प्रतिबद्धता तत्काल पूरा गर्नुपर्ने र थप प्रतिज्ञा गर्नुपर्ने स्पष्ट पारे ।

प्रधानमन्त्री दाहालले सन् २०२५ सम्म जलवायु वित्तमार्फत १०० बिलियन डलरबराबरको सहयोग उपलब्ध गराउनुपर्ने र त्यसका सर्तहरू सरल हुनुपर्नेमा जोड दिए । उनले यस संकटलाई सम्बोधन गर्न र न्यायका खातिर अनुदानको माग गरे । उनले हानि तथा नोक्सानी कोष अल्पविकसित र हिमाली देशका लागि अनुमानित, सरलीकृत र पर्याप्त हुनुपर्नेमा जोड दिए । प्रधानमन्त्री दाहालले जिएसटी रिपोर्टले सबैलाई स्पष्ट मार्गचित्र दिनैपर्ने तत्कालै एकताबद्ध भएर काम गर्नुपर्ने धारणा राखे । हिमाल र जलवायु परिवर्तनका विषयमा सघन छलफल गरी एउटा निष्कर्षमा पुग्नैपर्नेमा जोड दिए ।

#### पहिला हिमाल बचाऔं

प्रधानमन्त्री दाहालले मानव जाति र सभ्यता बचाइराख्न पहिला हिमाल बचाउन आवश्यक रहेको बताएका छन् । संयुक्त अरब इमिरेट्सको दुबईमा जारी कोप-२८ सम्मेलनका क्रममा हिमाली मुलुकले भोगिरहेको जलवायु परिवर्तनका असरबारे छलफल सत्रको अध्यक्षता गर्दै उनले यस्तो बताएका हुन् ।

'हिमाल, हिमाली सभ्यता एवं हिमाली समुदायले भोगिरहेका समस्या बुझेर समाधान खोज्न जलवायु परिवर्तनसँग सम्बन्धित संवादको थालनी गर्न म आग्रह गर्दछु,' प्रधानमन्त्री दाहालले भने, 'हामी आफैंलाई बचाउन पहिला हिमाल बचाऔं भनेर विश्व समुदायसँग आग्रह गर्दछु ।'

हिमाली देश, त्यहाँको मानवजाति र समग्र पारिस्थितिक प्रणालीले सामना गरिरहेको जलवायु संकटको विषयसँग सम्बन्धित सत्र नेपालले आयोजना गरेको थियो । प्रधानमन्त्री दाहालले अध्यक्षता गरेको उक्त 'राउन्डटेबल' छलफलमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेस, किर्गिज रिपब्लिक, भुटान, स्लोभेनिया, मोन्टेनेग्रो, एनडोरालगायत देश, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) तथा संयुक्त राष्ट्रसंघीय खाद्य एवं कृषि संगठन (एफएओ)लगायतका प्रतिनिधि र जलवायु क्षेत्रमा काम गरिरहेका विश्लेषकको सहभागिता रहेको थियो ।

हिमाली मुलुकमा जलवायु परिवर्तनका असर बढी देखिएको र यस्ता असर देखिएका ठाउँमा मृत्युदर पनि बढेको अध्ययनबाट देखिएको प्रधानमन्त्री दाहालले उल्लेख गरे । 'हिमालमा जलवायु परिवर्तनको असर बढ्नु समग्र मानवजाति र पारिस्थितिक प्रणालीका लागि खतराजनक छ । 'इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज' (आपिसिसी) को पछिल्लो प्रतिवेदनअनुसार मानव सिर्जित 'ग्लोबल वार्मिङ'का कारण निकै ठूला र अभूतपूर्ण समस्या सिर्जना भएका छन् । चक्रवात, बाढी, खडेरीलगायत जोखिम भएका क्षेत्रमा मृत्युदर १५ गुणा बढी देखिएको छ । यो स्वीकार्य छैन,' प्रधानमन्त्री दाहालले भने ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेसले केही समयअघि गरेको नेपाल भ्रमणका लागि धन्यवाद व्यक्त गर्दै प्रधानमन्त्री दाहालले उक्त भ्रमणका क्रममा महासचिव गुटेरेसले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएको असर र प्रभावको प्रत्यक्ष जानकारी संकलन गरेको तथा स्थानीय समुदायले सामना गरिरहेका समस्या र चुनौतीबारे नजिकबाट बुझेको स्मरण गरे । 'संयुक्त राष्ट्रसंघका महासचिवले नेपाल र अन्टार्टिकाको भ्रमणपछि जलवायु शिखर सम्मेलनको उद्घाटन समारोहमा हिजोको भनाइलाई सम्झिन चाहन्छु, 'यी दुई ठाउँ धेरै टाढा छन् तर एउटै संकटको सामना गरिरहेका छन्,' प्रधानमन्त्री दाहालले भने ।

कोप सम्मेलनमा नेपालले आयोजना गरेको यो सत्रको उद्देश्य हिमाल, हिमाली सभ्यता, हिमाली पारिस्थितिक प्रणाली र हिमालका बासिन्दाको संरक्षण र प्रवर्द्धन गर्नु रहेको छ । उक्त सत्रमार्फत हिमाली क्षेत्रमा जलवायु परिवर्तनले निम्त्याएका साझा समस्या र चुनौती समाधानका लागि सहयोग र ऐक्यबद्धता जनाउन पनि प्रधानमन्त्री दाहालले विश्व समुदायसँग अपिल गरेका

## हाइड्रो इम्पाएर प्रा.लि.को सरोकारवाला शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको सूचना

(प्रकाशित मितिः २०८०/०८/१७)

यस हाइड्रो इम्पाएर प्रा.लि.को जगेडामा रहेको प्रति शेयर रु.१०० को दरका सम्पुर्ण शेयरहरु कम्पनीको व्यवसाय विस्तारको लागि रकमको आवश्यकता जरुरी भएकोले उक्त शेयरहरु खरिद विक्रि गर्नको निमित्त प्रा.लि. का संचालक तथा शेयरधनीहरुसंग व्यापक छलफल गरि प्रा.लि.मा हाल कायम भएको शेयरधनीलाई ३५ दिन भित्र पहिलो प्राथमिकताको आधारमा निजहरुले लिएको शेयरको प्रतिशतको अनूपातमा शेयर खरिद गर्न आव्हान गरिन्छ, जगेडाको शेयर खरिद गर्न इच्छुक शेयरधनीले तोकिएको म्याद भित्र आफूले लिएको शेयर प्रतिशतको आधारमा हुने रकम प्रा.लि. को बैंक खातामा जम्मा गरी, जम्मा गरेको भौचर प्रा.लि.को लेखा शाखामा बुझाउन हुन अनुरोध गरिन्छ । यदि हाल कायम रहेका शेयरधनीले आफ्नो शेयरको प्रतिशतको आधारमा जगेडामा रहेको शेयर खरिद नगरेमा खरिद नगर्ने शेयरधनी वाहेक खरिद गर्ने शेयरधनीलाई पहिलो प्राथमिकता दिई पुनः थप ७ दिनको समय दिने, प्राथमिकता दिएको शेयरधनीले समेत खरिद नगरेमा अन्य व्यक्ति र कानुनी निकायलाई समेत शेयर विक्रि गर्न सक्ने गरी मिति २०८०।०८।१५ गतेको संचालक समितिको बैठकबाट निर्णय भएकोले सोही बमोजिम गर्न गराउन सरोकारवाला शेयरधनीहरुलाई जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत

## सडक पूर्वाधार विकास कार्यालय, लिवाङ, रोल्पा

### खरिद सम्झौता रद्द गरी निर्माण कम्पनीलाई कालो सूचीमा राखिने बारेको अत्यन्त जरूरी सूचना !

**(सूचना प्रकाशित मिति : २०८०/०८/१७)**

यस कार्यालयसँग खरिद सम्झौता भई लामो समयदेखि अति सुस्त/शून्य प्रायः गतिमा निर्माण क्रियाकलाप सञ्चालन हुँदै गरेका निम्नानुसारका आयोजनाहरूमा निर्माण व्यवसायीका तर्फबाट खरिद सम्झौताका शर्तहरूको गम्भीर उल्लङ्घन भई निर्धारित समयमा कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गर्नुपर्ने आफ्नो करारजन्य जिम्मेवारीप्रति पूर्णतया बेवास्ता गरिएको हुँदा त्यस्ता निर्माण व्यवसायीहरूको कार्य सम्पादन जमानत जफत गरी ठेक्का रद्द गर्नु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको ७ (सात) (२०८०/०८/२४) दिनभित्र लिखित आधिकारिक प्रत्युत्तरसहित कार्यालयमा उपस्थित हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| क्र.सं. | आयोजनाको नाम र ठेक्का नं. | निर्माण ब्यवसायी | सम्झौता मिति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | सेरम-घुस्वाङ-उवा सडक (प्रदेश क्षेत्र स्तरीय सडक) ठेक्का नं.RIDO/ROL/W/ Ro/SQ/078/79-11 | श्री अन्जली एण्ड लिस्ने कम्पनी प्रा.लि.लुन्ग्री गा.पा.रोल्पा | २०७८/११/१० | ३०% |
| २. | लुन्ग्री गा.पा.पहुँच मार्ग (दोमई-किलाचौर सडक) ठेक्का नं. RIDO/ROL/ROL/W/ Ro/NCB/077/78-59 | श्री एच.एम.बिल्डर्स प्रा.लि. इनरुवा-३, सुनसरी | २०७८/०३/१० | ७५% |
| ३. | बडाचौर पाटेगुम्चाल पाङ सडक मर्मत ठेक्का नं. RIDO/ROL/W/ Ro/SQ/078/79-19 | श्री भैरब निर्माण सेवा, बागचौर-८, सल्यान | २०७८/१०/०५ | ८३% |

## हाइड्रो इम्पाएर प्रा.लि.को सरोकारवाला शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको सूचना

(प्रकाशित मितिः २०८०/०८/१७)

यस हाइड्रो इम्पाएर प्रा.लि.को व्यवसाय विस्तार गर्नको लागि रकमको आवश्यकता परेकोले हाल कायम रहेका शेयरधनीहरु मध्य केही शेयरधनीहरुले कवुल गरी भूक्तानी गर्न बाँकी रहेको शेयरहरु जम्मा थान १६७४११३४.३४ को प्रति शेयर रु.१०० को दरले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रा.लि.को बैक खातामा जम्मा गरी जम्मा गरेको भौचर प्रा.लि.को लेखा शाखामा बुझाउन हुन समेत यो सूचना जारी गरिएको छ ।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YASMED MEDICAL CENTER W.L.L.

पूर्व स्वीकृति मिति : २०८०/०८/१५ LT. No. 295803 चलानी नं. ६०२१०८५२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 4 | 0 | 5000 | १८३३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २४ गते (10th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BASHMA TRADING CONTRACTING LTD

पूर्व स्वीकृति मिति २०८०/०८/१४ LT. No. 295626 चलानी नं. ६०२१०७९१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintainance Labour | 5 | 0 | 1000 | ३५,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २३ गते (9th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT. LTD.
Govt. License 1638/080/81

**TESLA OVERSEAS PVT.LTD.**

Sinamangal 9, Kathamandu, Nepal, Mobile: 9807797030, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CF SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०८/१५ LT. No. 295847 चलानी नं. ६०२१०५५५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: MR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 7 | 0 | 1500 | ४२७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २४ गते (10th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

918/067/68

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : MAKEMAKE CONTRACTING WLL

पुर्व स्वीकृति मिति २०८०/०३/०८ पुर्व स्वीकृति मिति २०८०/०८/१६ LT. No. 288213 चलानी नं. ६०२०३५३७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९०,४१० | | | | | | | |
| 3 | Human Resource Specialist | 1 | 0 | 4600 | १६६,३६० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Pipe Fitter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 2000 | ७२,३३० | | | | | | | |
| 7 | Reinforce Fitter | 8 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 8 | Store Keeper | 2 | 0 | 1900 | ६८,७१५ | | | | | | | |
| 9 | Tilemaker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २४ गते (10th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329, 9861929366
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

# कोप-२८ : जलवायु परिवर्तनविरुद्धको साझा मोर्चा बन्ला ?

■ रमेश लम्साल

**काठमाडौं–** वर्षभरि नै सेता देखिने हिमाल क्रमशः काला पहाडमा रूपान्तरण भइरहेका छन् । हिमनदीहरू पग्लँदै गएका छन् । अनावृष्टि, अतिवृष्टि तथा लामो खडेरीका कारण जनजीवन क्रमशः प्रभावित भइरहेको छ ।

जलवायु परिवर्तनमा नेपालको खास योगदान नभए पनि क्षतिका हिसाबले ठूलो समस्यामा परेको छ । पानीका मूल क्रमशः सुक्दै गएका छन् । कहिल्यै बाढी नआउने मुस्ताङमा बाढीबाटै ठूलो क्षति पुगेको छ । मेलम्चीको बाढीका कारण भोग्नुपरेको क्षति र त्यसपछिको पुनर्निर्माण तथा पुनःस्थापनाको काम अझै पूरा भइसकेको छैन ।

यी र यस्ता समस्याका बारेमा जानकारी गराउने, विश्व समुदायको ध्यानाकर्षण गराउने उद्देश्यका साथ प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल यतिबेला संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलनमा भाग लिन संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा पुगेको छ ।

प्रधानमन्त्री दाहालले शनिबार 'हिमाल : हामीलाई जलवायु संकटबाट कसले बचाउँछ ?' विषयक उच्चस्तरीय छलफल सत्रलाई सम्बोधनसहित अध्यक्षता गरे । नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको कार्यक्रममा छुट्टै इभेन्टको अध्यक्षता गर्दै छलफल सञ्चालन गरेको पनि यो पहिलोपटक हो ।

सो बैठकलाई संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले विशेष सम्बोधन गरेका थिए । सो बैठकमा नेपालदेखि अन्टार्कटिकासम्म देखिएको जलवायु परिवर्तनको असर र मानव जीवनमा यसले पारेको नकारात्मक प्रभावबारे आइसिसिआई, इसिमोडलगायत अन्तर्राष्ट्रिय संस्थासँग आबद्ध विषयविज्ञद्वारा प्रस्तुतीकरण गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

यस्तै, जलवायु परिवर्तनले कृषि तथा खाद्य प्रणालीमा पारेको प्रभावबारे गम्भीर छलफल भएको थियो । जलवायु परिवर्तनका कारण पूर्वघोषित तापक्रम वृद्धिलाई १.५ डिग्री सेन्टिग्रेटभन्दा माथि जान नदिने प्रतिबद्धता व्यावहारिक रूपमा कार्यान्वयन हुन सकेको छैन ।

विश्वव्यापी जलवायु परिस्थितिका बारेमा संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसले पटक-पटक विश्व समुदायको ध्यानाकर्षण गराएका छन् । गत महिना उनले नेपालको चारदिने भ्रमणमा जलवायु परिवर्तनका असर नजिकबाट नियालेका छन् । अन्नपूर्ण र सोलुखुम्बु पुगेर उनले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परेको असरलाई नजिकबाट नियाल्दै यस संकट समाधान गर्न विश्व समुदायलाई आग्रह गरेका थिए ।

जीवास्म इन्धनको अत्यधिक प्रयोग, बढ्दो कोइलाको प्रयोगका अलावा ग्रिन हाउस ग्यास उत्सजर्नका कारण प्राणीजगत्को साझा घरका रूपमा परिचित पृथ्वीले समस्या भोग्नुपरेको छ । त्यसमाथि जलवायु परिवर्तनको संकट भोग्ने विश्वका केही देशहरूमध्ये नेपाल अग्रस्थानमा छ ।

प्रधानमन्त्री दाहालले शनिबार गरेका हिमालका मुद्दा विषयक सम्बोधनमा पनि पेरिस सम्झौता कार्यान्वयनको माग गरेका छन् । सो सम्झौतामा 'जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीय रूपमा घटाउने कुरालाई आत्मसात् गर्दै विश्वव्यापी औसत तापक्रममा हुने वृद्धिलाई पूर्वऔद्योगिक तहभन्दा माथि दुई डिग्री सेल्सियसभन्दा तल कायम राख्ने र तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सियसमा सीमित राख्न प्रयास गर्ने' उल्लेख छ ।

यसैगरी, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई अनुकूलनका लागि क्षमता वृद्धि गर्ने र न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समानुकूलनलाई प्रवर्द्धन गर्ने सम्झौतामा स्पष्ट छ । न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समयानुकूल विकासमूलक कार्यप्रणालीअनुरूप लगानी प्रवाह गर्ने सो सम्झौताको मुख्य मर्म छ ।

सो सम्झौतामा जलवायु परिवर्तनबाट देखिने समस्या न्यूनीकरणका लागि पहिले नै चेतावनी दिने प्रणाली, आपत्कालीन तयारीका विषयलाई उत्तिकै प्राथमिकता दिइएको छ । अपूरणीय र अस्थायी प्रकृतिका हानिनोक्सानीका घटना, विस्तृत जोखिम मूल्यांकन तथा व्यवस्थापन, जोखिम बिमा सुविधा, जलवायु जोखिम व्यवस्था तथा अन्य बिमाजन्य समाधान, गैरआर्थिक नोक्सानी र समुदाय, जीविकोपार्जन र पारिस्थितिकीय प्रणालीको समानुकूलन जोड दिइएको छ ।

सन् २०२२ मा नासाको नेतृत्वमा गरिएको एक अध्ययनअनुसार, यदि तापमान पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री माथि पुग्यो भने मानव उत्पन्न संकटका कारण थप जोखिम देखिने छ । सन् २०२३ लाई 'अत्यधिक गर्मी' को वर्षका रूपमा चित्रण गरिएको छ ।

यस वर्ष विश्वको तापक्रम पूर्वऔद्योगिक औसतको तुलनामा करिब १.१ डिग्रीले बढेको छ । अझै, विश्व तापक्रमलाई १.५ डिग्रीमा सीमित गर्ने मार्गबाट अझै टाढा रहेको देखिन्छ ।

विश्वव्यापी औसत तापमान सन् दुई हजार १०० सम्म दुईदेखि चार डिग्रीले बढ्ने प्रक्षेपण गरिएको छ । यदि त्यसो भएको खण्डमा चरम मौसम घटना निम्तने चेतावनी दिइएको छ । विषम घटनाहरूबाट जोगिन दुबईमा जारी कोप-२८ मा हानिनोक्सानी कोष औपचारिक रूपमा सुरु गरिएको छ । विश्वव्यापी तापक्रम वृद्धिसँग सम्बन्धित प्राकृतिक विपत्तिबाट तहसनहस भएका कमजोर र जोखिममा रहेका राष्ट्रले 'हानि र नोक्सानी' कोषको माग गरेपछि उक्त कोषको शुभारम्भ गरिएको हो ।

वर्षौंदेखि यस विषयलाई निष्कर्षविहीन अवस्थामा बनाएका धनी राष्ट्रहरूले गत वर्ष इजिप्टको शार्म अल शेखमा भएको कोप-२७ शिखर सम्मेलनमा भएको ऐतिहासिक सम्झौतामा कोषलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

कोप-२८ सम्मेलनको उद्घाटनका दिन यही मंसिर १४ गते उक्त कोष र कोषको व्यवस्थापनका लागि ४२३.१ मिलियन अमेरिकी डलर सहयोगको प्रतिबद्धता गरिएको छ । आयोजक संयुक्त अरब इमिरेट्स र जर्मनीले एक/एक सय मिलियन, युरोपियन युनियनबाट १४५.६ (जर्मनीकोसहित), संयुक्त अधिराज्यबाट ७५ मिलियन, संयुक्त राज्य अमेरिकाबाट २४.५ मिलियन र जापानबाट १० मिलियन अमेरिकी डलर प्रतिबद्धता व्यक्त भएको छ ।

जलवायु परिवर्तनबाट हुने हानिनोक्सानीको एजेण्डाले गत वर्ष इजिप्टको शार्म अल शेखमा भएको कोप-२७ शिखर सम्मेलनमा औपचारिकरूपमा प्रवेश पाएको थियो । कोषको संरचनाबारे बृहत् वार्तापछि यसलाई अन्तरिम रूपमा विश्व बैंकमा राखिने उल्लेख छ ।

सम्मेलनअघि युएईको अवुधाबीमा अक्टोबरमा भएको संक्रमणकालीन समितिको बैठकले हानिनोक्सानीसम्बन्धी कोष परिचालनमा भएको सहमतिको अनुमोदन कोप-२८ ले गर्नुपर्ने जनाएको थियो । यस सहमतिले कोप-२८ को पूर्वसन्ध्यामा सकारात्मक सन्देश दिएको छ ।



तीव्ररूपमा भइरहेको जलवायु परिवर्तनमा कम जिम्मेवार स्थानीय तथा बढी प्रभावित संकटापन्न समुदाय छन् । कोषले नेपालजस्ता संकटापन्न विकासोन्मुख देशमा जलवायु परिवर्तन तथा जलवायुजन्य अतिशय मौसमी र ढिलो सुरु हुने विपद्का घटनाबाट हुने आर्थिक र गैरआर्थिक हानिनोक्सानीलाई सम्बोधन गर्ने अपेक्षा राखिएको छ ।

अल्पविकसित देशहरूका लागि हानिनोक्सानी वित्त सरल र समन्यायिक पहुँचका आधारमा परिचालन होस् भन्ने विषयलाई स्थापित गर्न आवश्यक छ । कोप-२८ मा विश्वका गरिब र कमजोर राष्ट्र (जो जलवायु संकटको भुमरीमा पर्न थालेका छन्) ले स्पष्ट रूपमा आफूहरूका माग सम्बोधन गर्न जबर्जस्त रूपमा आफ्ना धारणा राखेपछि धनी र औद्योगिक राष्ट्र विगतका प्रतिबद्धता कार्यान्वयनमा लाग्नैपर्ने बाध्यात्मक अवस्थामा पुग्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री दाहालले शनिबारको सम्बोधनमा भने, 'यो हाम्रो न्यायको विषय हो र अधिकारको विषय पनि हो ।' उनले विश्व समुदाय मिलेरमात्र यो मुद्दा सम्बोधनका लागि प्रयास गर्न सकिनेमा जोड दिए । कोष-२८ लाई जलवायु परिवर्तनविरुद्ध लड्ने प्रभावकारी एवं वस्तुनिष्ठ साझा मोर्चा बनाउने लक्ष्यका साथ संसारभरका जलवायु विज्ञ र सरकार प्रमुखहरू जुटेका छन् । *रासस*



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पतिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०८/१७)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०८/२४

**बोलपत्र खोलिने मिति**
२०८०/०८/२५ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **१) ऋणीहरू : ई.पी. पब्लिकेशन प्रा.लि. र अर्जुन सोनी**<br>**(क) ई.पी. पब्लिकेशन प्रा.लि.**<br>दर्ता नं. : १२२९१०/७०/०७१<br>ठेगाना : बुटवल १०, रुपन्देही<br>**(ख) अर्जुन सोनी**<br>(ना.प्र.नं. ७००५५, मिति २०६०/०६/११ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>ठेगाना : बुटवल ०८, रुपन्देही<br>बाबु : लिले सोनी<br>बाजे : भाइरथ सोनी<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. अर्जुन सोनी**<br>ऐ.ऐ.<br>**२. शुशिला कुमारी**<br>(ना.प्र.नं. ३३५१, मिति २०५३/०४/२२ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>पति : अर्जुन सोनी<br>ससुरा : लिले सोनी | अर्जुन सोनीको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स./न.पा. वडा नं. ०७ (ग) स्थित कि.नं. १३७ (१-४-६ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | अधिविकर्ष कर्जा | **२) ऋणी : विशाल एण्ड आयुषा सप्लायर्स**<br>प्रा.फ.र.नं. : २६७१२/८०७५/७६<br>ठेगाना : धनगढी ०५, कैलाली<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. विशाल चौधरी**<br>(ना.प्र.नं. ६७-०१-७२-०२४३०, मिति २०७२/०३/०२ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : कृष्ण चौधरी<br>बाजे : बिरवल डगौरा थारु<br>**२. कृष्ण चौधरी**<br>(ना.प्र.नं. ३०६६८, मिति २०५६/०४/२४ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : बिरवल डगौरा थारु<br>बाजे : वासुदेव डगौरा थारु<br>**३. रमिता देवी चौधरी**<br>(ना.प्र.नं. ४९३५१, मिति २०५९/०६/१७ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>पति : कृष्ण चौधरी<br>ससुरा : बिरवल डगौरा थारु<br>**४. शान्ती चौधरी**<br>(ना.प्र.नं. ६७-०१-७२-०४९२९, मिति २०७२/०५/०६ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>पति : विशाल चौधरी<br>ससुरा : कृष्ण चौधरी<br>**५. फकली द. थारु**<br>(ना.प्र.नं. २५३, मिति २०४४/११/१६ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>पति : विरवल ड. थारु<br>ससुरा : बासुदेव द. थारु<br>**६. विरवल द. थारु**<br>(ना.प्र.नं. ७२५१, मिति २०३६/०१/०३ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : बासुदेव द. थारु<br>बाजे : काली प्रसाद ड. थारु<br>**७. तिलक चौधरी**<br>(ना.प्र.नं. ६७१०२०/४१२१, मिति २०६५/०१/२६ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : विरवल द. थारु<br>बाजे : बासुदेव द. थारु<br>**८. दिल बहादुर चौधरी**<br>(ना.प्र.नं. ७४२२१, मिति २०६३/०८/०७ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : विरवल द. थारु<br>बाजे : बासुदेव द. थारु | १. विरवल द. थारुको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, फूलबारी गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. ५९ (०,३३८५ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. कृष्ण चौधरीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०५ स्थित कि.नं. ८१३ (२३८.७० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | लघु आवधिक कर्जा | **३) ऋणी : जय बागेश्वरी ब्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर**<br>प्रा.फ.र.नं. : १३९/६०२६/०७३/७४<br>ठेगाना : चिसापानी ०३, बाँके<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. निर्मला मल्ल**<br>(ना.प्र.नं. १८८००, मिति २०६२/०२/२४ मा जि.प्र.का बाँकेबाट जारी भएको)<br>पति : ओम प्रकाश मल्ल<br>ससुरा : बसन्त बहादुर मल्ल<br>**२. ओम प्रकाश मल्ल**<br>(ना.प्र.नं. ६६६३, मिति २०५६/१०/०६ मा जि.प्र.का बाँकेबाट जारी भएको)<br>बाबु : बसन्त बहादुर मल्ल<br>बाजे : नन्द बहादुर मल्ल | निर्मला मल्लको नाममा बाँके जिल्ला मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकुश्मा गा.वि.स./न.पा. वडा नं. ०८ (क) स्थित कि.नं. १०८ (०-१३-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | अधिविकर्ष कर्जा | **४) ऋणी : पब्लीक फर्निचर एण्ड फर्निसिङ्ग**<br>प्रा.फ.र.नं. : २७५४७/०७४/०७५<br>ठेगाना : कोहलपुर ११, बाँके<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. कल्पना शर्मा**<br>(ना.प्र.नं. ६६-०१-७१-०२७२३, मिति २०७१/०४/१८ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>पति : दिपेन्द्र उप्रेती<br>ससुरा : शिवराज उप्रेती<br>२. दिपेन्द्र उप्रेती<br>(ना.प्र.नं. १६५६१, मिति २०६०/१२/०२ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : शिवराज उप्रेती<br>बाजे : भुमिदत्त उप्रेती<br>३. अमृत उप्रेती<br>(ना.प्र.नं. ९६३२, मिति २०५७/०८/१२ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : शिवराज उप्रेती<br>बाजे : भुमिदत्त उप्रेती<br>४. हिरण्य कुमारी उप्रेती<br>(ना.प्र.नं. ८/१९७३९, मिति २०४७/०८/१९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : शिवराज उप्रेती<br>ससुरा : भुमिदत्त उप्रेती | हिरण्य कुमारी उप्रेतीको नाममा रुपन्देही जिल्ला मालपोत बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मक्रहर गा.वि.स./न.पा. वडा नं. ०८ (ग) स्थित कि.नं. ४०४ (०-८-१२-० विगाहा) र कि.नं. ७ (०-२-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | विविध कर्जा | **५) ऋणी : भुमि इन्फ्रास्टक्चर प्रा.लि.**<br>दर्ता नं. : १४९३९२/७२/०७३<br>ठेगाना : विराटनगर ०४, मोरङ<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. भावेश बोहोरा**<br>(ना.प्र.नं. ०५-०१-६९-००७८६, मिति २०६९/०१/०७ मा जि.प्र.का. मोरङबाट जारी भएको)<br>बाबु : कृष्ण कुमार बोहोरा<br>बाजे : दिनदयाल बोहरा<br>**२. दिनदयाल बोहरा**<br>(ना.प्र.नं. १५२२३/१०६, मिति २०४६/०३/०८ मा जि.प्र.का. मोरङबाट जारी भएको)<br>बाबु : मेहर चन्द बोहरा<br>बाजे : गुलाब चन्द बोहरा<br>**३. कृष्ण कुमार बोहरा**<br>(ना.प्र.नं. ०५/१६९२०, मिति २०४७/०५/२८ मा जि.प्र.का. मोरङबाट जारी भएको)<br>बाबु : दिनदयाल बोहरा<br>बाजे : मेहर चन्द बोहरा | भावेश बोहोराको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कटहरी गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. १५१ (२००.०० व.मि.) र कि.नं. ७८ (१,७७५.३४ व.मि.) तथा ऐ.ऐ. वडा नं. ०५ स्थित कि.नं. ५६७ (२,४७५.०० व.मि.) र कि.नं. २६ (१,८४५.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**नोट : माथि उल्लेखित धितो बाहेक बैंकको नाममा दर्ता कायम रहेको JCB (India) Excavator 2018, सवारी दर्ता नं. बा ३ क ८९९, JCE (India) Soil Compressor 2016, सवारी दर्ता नं. को १ क २०३९, Ashok Leyland Tipper 2017, सवारी दर्ता नं. को १ क ३०५९ र KOMATSU GD511 Motor Grader 2017, सवारी दर्ता नं. बा २ क ८१४९ गाडीहरु बैंकको कब्जामा नरहेको हुनाले उक्त गाडीहरुको लिलामी ननिकालिएको ।**

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# विकासमा बेथिति रोक्न कारबाही

सरकारी निकायहरूबीच समन्वय नहुने समस्या नयाँ होइन। वर्षौंदेखिको यो समस्या जुनसुकै दलको सरकार आए पनि हट्न सकेको छैन। राजनीतिक अस्थिरताले एउटै सरकारले पूरा कार्यकाल काम गर्न नपाएका कारण सरकारी निकायहरूको यस्तो बेथिति अनियन्त्रित बनेको हो। सडक, विद्युत्, खानेपानी, ढल, टेलिफोनलगायतका संरचना एकै ठाउँमा बनाइने भए पनि समन्वय हुँदैन। एउटाले काम गरिसकेपछि अर्कोले काम सुरु गर्छ। अनि पूरा भइसकेको काम फेरि भताभुंग बनाएर छाडिन्छ। एक निकायले अर्कोलाई दोष दिन्छ, भत्किएका संरचना बन्दैनन्। यसले आम सर्वसाधारणलाई सास्ती हुन गरेको छ।

यस्तै समस्या हाल काठमाडौं उपत्यकामा विद्युतीय तार भूमिगत गर्ने काममा देखिएको छ। नेपाल विद्युत् प्राधिकरण र सडक विभागबीच समन्वय हुन नसक्दा काठमाडौं उपत्यकाभित्र विद्युतीय तार भूमिगत गर्ने काम बेबारिसे बनेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सडक विभागले सडक खन्न अनुमति नदिँदा काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणाली (तार)लाई भूमिगत बनाउने काम बेबारिसे बनेको आरोप लगाए। घिसिङले सरकारी निकायबीच समन्वय अभावमा ठूलो र महत्त्वपूर्ण आयोजना बेबारिसे अवस्थामा पुग्नु दुर्भाग्यपूर्ण भएको उल्लेख गरे।

सडक विभागले आफ्नो अधिनमा रहेको सडक खन्न अनुमति नदिएपछि विद्युत् वितरण प्रणाली भूमिगत बनाउने आयोजनाको काम गत असारदेखि ठप्प छ। कार्यकारी निर्देशक घिसिङका अनुसार यही विवादका कारण तार भूमिगत गर्ने कार्यमा संलग्न निर्माण व्यवसायी निर्माणस्थल छोडेर हिँडिसकेका छन्।

यता सडक विभागले तार भूमिगत गर्दा खनिने सडकखण्डको अनुमानित लागतको ५० प्रतिशत धरौटी राख्नुपर्ने प्रस्ताव गरेको छ। यसअघि २० प्रतिशत धरौटी राखी काम हुँदै आएकामा विभागले यसलाई बढाएर ५० प्रतिशत राख्नुपर्ने प्रस्ताव गरेको हो। प्राधिकरणले आफ्नो काम सकेर सडक त्यतिकै छाडेमा सडक मर्मतका लागि धरौटी रकमको व्यवस्था गरिएको विभागको भनाइ छ। सडक मर्मत भएमा विभागले उक्त धरौटी रकम फिर्ता गर्छ।

सरकारले यी निकायहरूलाई आपसी समन्वयमा निर्माण कार्य अगाडि बढाउन निर्देशन दिँदै आए पनि व्यवहारमा लागू हुन सकेको छैन। यसले विकास आयोजना अवरुद्ध हुनुका साथै राज्यको लगानी बालुवामा पानीझैं भइरहेको यथार्थता लुकेको छैन। यस्ता आयोजना निर्माणमा स्थानीय सरकार (पालिका)कासँग पनि समन्वय र सहकार्य हुन जरुरी छ। समन्वय नहुँदाको क्षतिबारे कुनै पनि निकायका पदाधिकारीहरू जानकार नभएको मान्न सकिन्न। आपसी समन्वय नगरी जानाजान राज्यको स्रोत खेर जाने वातावरण बनाउन संलग्न अधिकारीहरूलाई कडा कारबाहीको व्यवस्था नगरेसम्म यो बेथिति रोकिने देखिँदैन। त्यसैले सम्बन्धित अधिकारीहरूलाई जिम्मेवार बनाउन कडा कारबाहीको प्रावधान ल्याई प्रभावकारी कार्यान्वयन गरिनु अहिलेको टड्कारो आवश्यकता हो। यसमा सरकारको ध्यान जाओस्।

## मननयाग्य

### चाणक्य नीति

होइन देवी ! नन्द कसैको असल चाहँदैन। चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ। चाणक्य छउन्जेल नन्द अथवा नन्दका कुनै पनि व्यक्तिले तपाईले चन्द्रगुप्तको रौं पनि टेडो (बाङ्गो) पार्न सक्तैनन् र मगधका लागि तपाईले संकीर्ण स्वार्थको त्याग अवश्य गर्नुपर्छ। मगधका व्यक्ति-व्यक्तिले तपाईंको यो उपकारको ऋणी भएको महसुस गर्नेछन्। यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्-'तपाईंहरू नै जान्नोस्, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिँदैछु अब यसको संरक्षक तपाईं हुनुहोस्।'

यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे। चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो। यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- 'स्वामी !' यति हतार नगरी गुरुदेव ! यदि उसलाई हामीले बन्दी बनाइराख्यो मन पनि के बिग्रिन्छ र ? के बिगार्न सक्छ र उसले ?


मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्यान। युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे। चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे। एकछिनपछि मुरालाई शकटारले आफूहरू आउनुपर्ने प्रयोजन बताए। अब सय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहान्छौं। मुराले भनिन्-'म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ।'

गौरसँग हेर्दै चाणक्यले भने-'देवी ! तपाई धन्य हुनुहुन्छ, जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौं।' 'आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ। नन्दका नन्दका चारैतिर चाकडी र प घेराउ छ। जसले पनि आफ्नै ढुकुटी गरिरहेछन, कसैलाई छैन। यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक सही आफ्नो माता गर्ने एक साहसी राजाको आवश्यकता छ। यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौ।

मुराले दयनीय अवस्थामा भनिन्-'महाराज ! यो सबै ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदानत्र होओस्। अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ।'

यात्रा संस्मरण

# हिमालको फेदैफेद कोरी पहाड



एकराज पाठक

टोनी हेगनले आफ्नो संस्मरणमा यो रूटलाई एक अलौकिक नेपाल भनेर व्याख्या गरेको भए पनि बीचमा पर्यटकीय पूर्वाधार र विशेषगरी बस्ने होटलको अभावमा यो रूट त्यति प्रचलनमा आउन सकेन। अहिले कोरी र तसामा लाग्ने भीड पनि आन्तरिक पर्यटकहरूको हो। व्यवस्थित होटल नभएकाले विदेशी पर्यटक यहाँ जान चाहेर पनि सकेका छैनन्।

'पहिले यहाँका मानिस तँलाई तातो ढिँडो खाएर १२ बजेको घाममा पारिको उकालो चढ्नुपरोस् भनेर गाली दिन्थे रे' मनबहादुर दाइले पुरानो कुरा सुनाएपछि मेरो सातोपुत्लो उड्यो। सिक्लेसमा भर्खरै तात्तातो खाना खाएका थियौं र समयको घडी पनि १२ बजाउने तरखरमै थियो। मनमनमा त्यही गालीकै हालत हुने होकि भन्ने लाग्यो। आँखै अगाडि झरुवापाटाको उकालो याद आयो। कहिलेकाहीँ खाना खाँदाखाँदै हाम्रो घरमाथिको झरुवापाटाको उकालो हिँड्नुपर्थ्यो, असिनपसिन हुन्थ्यो। ऊ बेला आमाले औँडाहा उठ्यो भन्नुभएजस्तै हुने हो कि भन्ने त्रासले छोयो।

पहिलेपहिले सिक्लेसका बूढापाकाहरू कसैलाई गाली दिनुपर्‍यो भने तातो ढिँडो खाएर १२ बजेको घाममा ओरालो उकालो चढ्नुपरोस् भन्थे रे। सिक्लेस परको मत्क्युँ खोला तरेपछि आउँछ त्यो उकालो। धेरै भयो नहिँडेर काठमाडौंमै कुजिएर बसेको। सहरको प्राविधिक व्यस्ततामा भौतिक शरीर प्रायः चलमल नगर्दा पनि हुने। त्यसकारण कुजिएको छ शरीर। खाना खाएर हिँड्ने तयारीका लागि जुत्ताका तुना कस्दै थिएँ। सबै साथीहरू ठमठम हिँडेर पहाडको टुप्पोमा पुग्दासम्म पनि म फेदमै लत्रिएँ भने के होला ? अब खुट्टा दह्रो बनाउने समय छैन, मनचाहिँ बलियो बनाउन थालेँ।

कास्की-१ का सांसद मनबहादुर गुरुङको यात्राभरिको नाम 'माननीय' ज्यू हो। हामीले भनेको सुनेर यात्राका अरु पर्यटकले पनि उहाँलाई माननीयज्यू नै भने। मलाई लाग्छ 'टिन एजर' सबैले यो शब्दको अर्थ बुझेका भने छैनन्। यो पुस्ताले राजनीतिमा खासै चासो दिन छोडिसकेको छ। उनीहरूको धेरै चासो अहिले विदेश र सामाजिक सञ्जालतिरै छ।

सिक्लेसबाट सुरु भयो हाम्रो यात्रा। यात्राका ११ जनाको समूहले यहाँको स्थानीयता, भौगोलिक अवस्था, प्रकृति र पर्यावरणदेखि धेरै कुरा मनबहादुर दाइले हामीलाई 'गाइड' गर्नुभयो। सिक्लेसको गुरुङ बस्ती, यस समुदायको संस्कार र अन्नपूर्ण संरक्षण क्षेत्रका धेरै विषयमा उहाँले हामीलाई जानकारी पनि गराउनुभयो। यात्रामा उहाँलाई पाउँदा हामी निकै लाभान्वित भयौं। छ दशक अघि नै 'सिक्लेस-तसा-कोरी रुट' टोनी हेगनले पत्ता लगाएका रहेछन्। त्यसो त उनले नचिनाएको नेपाल र उनी नपुगेका यहाँका कुनाकाप्चा कमै होलान्। हामी ऐतिहासिक बाटो हिँड्दै छौं भन्ने लाग्यो। त्यस्तै आधा घण्टा हिँडेपछि ओरालो सुरु भयो खोलासम्म। खोला तरेपछिको उकालोले हामीलाई लगभग भोलिपल्ट साँझसम्म नै पछ्याउने पक्कापक्की थियो।

विस्तारै अघि बढ्यौं ट्रेकिङका लागि। स्पोर्टस् जुत्ता कस्यौं, हातमा लौरो। झोला बोक्न भने दुई जना भाइको प्रबन्ध गरेका थियौं। वास्तवमा बँधुवा भैंसीका खुर पलाएझैं पलाएको छ हामी सहरियाको पेट। खानपिन धेरै तर उठ्बस र हिँड्डुल कम। त्यसैले सहरमा पुट्ट पेट ननिस्किएको मान्छे भेट्न मुस्किल पर्छ। ठूलो पेटलाई डाक्टर रोगको घर भनिरहेका छन्, थाहा छ। तर हामीहरू रोगको घरै बोकेर हिँड्ने धेरै छौं। कम खान मान्दैनौं अनि गाडी सुविधा पाए पनि कहिलेकाहीँ हिँड्नु पनि पर्छ भन्ने ठान्दैनौं। आज पनि सिक्लेसको स्थानीय मासको दाल र स्थानीय चामलको स्वाद जिब्रोले छोड्न मानेन। सागको स्वादको त झन कुरै भएन। टन्न खाएरै उकालो ताक्ने तयारीमा छौं। तात्तातो घाममा तातो भातसँगै उकालो।

तल ओर्लिएर मत्क्युँ खोला तरेपछि सुरु भयो तसाको उकालो। अब साथीहरूले ज्यानमा भएका कपडा खोल्न मिल्नेजति खोल्न थाले। समय १२ बजेकै आसपास, खोलाको खोँचमा अनि चौतर्फी पहाडकै पर्खाल। हावा खेल्ने ठाउँ छैन। जति आँखा च्यातेर हेर्‍यो, माथिसम्मै देखिन्छ नाकमै ठोक्किन आउने उकालो। यो कोरी पहाडको फेद हो। अब यहाँबाट करिब चार हजार मिटरको उकालो यात्रा तय गर्नुछ। आजको बास हो तसा। तसासम्मै उकालो पुग्नुपर्नेछ। माननीयलाई सोधेँ-दाइ कतै तेर्पाएँ पनि छ कि यस्तै उकालो हो ? हाँस्नुभयो। लौ, उकालो सुरु भएकै छैन के को तेर्पाएँ खोजेको ? एक लर्कन उकालोपछि नसानसाबाट बग्न थाले पसिनाका खोला। अब एक हातमा ज्याकेट र अर्को हातमा लौरो भयो। स्थानीय ङच खोलाबाट सिक्लेस हाइड्रोको पावर हाउसका लागि ल्याइएका पाइपको कहिले मुनि र कहिले माथि हुँदै उक्लियौं। त्यस्तै साँझ साढे ५ बजेतिर पुग्यौं तसा।

### तसामा बास

तसामा फोनबाटै होटल बुक गरेका थियौं। त्यसैले बेलुका खाना र ओत पाइयो। सुत्न त उही हो सिंगल बेडका दुई खाटमा पाँच जना। सबै उत्तानो अटाउन गाह्रो, कोही कोल्टे पर्नुपर्ने। दालभात भने मिठै पाइयो। हामी त्यस्तै ४० जनाजतिले रात बितायौं। कोही टेण्ट त कोही छाप्रोमा। यहाँको होटल भनेको छाप्रो रहेछ। यसो ओत लाग्ने मेसोमात्र। धेरै त टेण्टमै रात बिताएका थिए आफैंले लगेको स्लिपिङ ब्यागमा। हामीले भने ओत पाएका थियौं एउटा छाप्रोमा।

ज्यान थाकेको थियो अनि ढिला भयो भने त्यही छाप्रो पनि नपाउने भएकाले साँझै त्यस्तै ७ बजेतिरै सुत्यौं। सुतेदेखि नै एउटा कुराले बडो पिरोलिएको थियो भोलि बिहान चर्पी कसरी गर्ने भनेर। हामी त्यस्तै ४० जनाजति थियौं तर चर्पी एउटै थियो। टसामा दुईवटा होटल रहेछन् अर्कोमा पनि हालत त्यस्तै। बिहान ३:४५ बजेदेखि हामी उठ्न थाल्यौं चर्पीका पिरले। बाहिर हिउँपर्ने तरखर छ, पानी जमेको छ। बल्लतल्ल ५ बजेसम्म काम सक्यौं तर हिउँ पगालेको पानीले हात आफ्नै हो कि अर्काको छुट्याउन गाह्रो थियो। त्यहाँ सुतेका अरु निद्रामै थिए। कति त इन्तु न चिन्तु थिए हिजोको हिँडाइले। होटल नामको छाप्रोका वरपर, सिँढी, पिँडी, आँगन, बलेसी सबैतिरका टेण्टमा सुतिरहेका छन्।

होटलवाला भाइलाई उठ्न र हाम्रो पैसा लिइदिन आग्रह गर्‍यौं। भित्रैबाट आवाज आयो 'राति १ बजेमात्र सुतेको एकछिन सुत्न दिनुस् न।' हुन पनि सिक्लेसबाट बाटो लागेका तर हिँड्न नसकेकाहरू राति ११/१२ बजेसम्म नै होटल छिर्दै थिए। तिनलाई पनि खाना पकाएर त खुवाउनै पर्‍यो। फेरि हामीले भन्यौं, भाइ उठ्नु न हामी चाँडै हिँड्नुपर्‍यो के पैसा लिइदिनुस्। फेरि भित्रबाटै आवाज आयो 'दाइहरू अहिल्यै नजानोस् के अँध्यारो छ, माथि जंगलमा भालुले आक्रमण गर्छ।'

त्यस्तै ५:३० जति बजेको थियो। हिमाल उदाउँदै थियो। घामले रंग्याएर रातो हुन भने बाँकी नै छ। यसोमाथि तिर हेर्दा अँध्यारै छ। जंगल हो, होइन छुट्याउन गाह्रै छ। तर हामी ११ जना भएकाले भालुले केही गर्दैन र मोबाइलको टर्च बालेर पनि जान्छौं भन्नैमै छौं। भाइ उठेर पैसा लिइदिएपछि हामी आजको आन्तिम गन्तव्य कोरी पहाडका लागि बाटो लाग्यौं।

बिहान सबेरैको समय, सफा मौसम। अनि प्रायः जंगलको बीचबाट कोरिएको नागबेली बाटो। उकालोको त कुरै भएन नाकमै ठोक्किन आउलाजस्तै। एकछिन हिँडेपछि विस्तारै उज्यालो भयो। अब माथि पहाडको उकालो आँखाले ठम्याउन सक्ने भयो। पारिबाट भर्खरै उदाएको घामले हिमाललाई चुम्न थालेको थियो। हामी जतिजति माथि चढ्दै थियौं त्यति रातो घाम हिमाल चुचुरोबाट विस्तारै तल ओर्लंदै थियो। घामले बडो शिल्पी कालीगढले जस्तै रातो पोत्दै थियो हिमालमा। पहिला माछापुच्छ्रे र त्यसपछि अन्नपूर्ण हिमशृंखलाका चुचुरासँगै विस्तारै रंगिँदै थिए हिमाल।

अब घामका राता किरण रुखका कापबाट तँछाडमछाड गर्दै छिरेर सडकमा पोखिने तरखर गर्दै थिए। आँखाले यो दृश्यको बडो रोमाञ्चक स्वाद लिइरहेको थियो। कतै चिरबिर चरा न्याउलीजस्तै बोल्दै थिए, ढुकुरको जोडीका आवाज सुनिँदै थियो। सायद गएरातिको समीक्षासँगै आज साँझसम्मको योजनाको सञ्चार उनीहरू गर्दै थिए। हामी पनि त्यसैमा थियौं। हिजोको सुताइको समीक्षा गर्दै थियौं र आज कोरी पहाडको टुप्पोमा पुगिएला भन्ने अनुमान लगाउँदै थियौं।

लाग्थ्यो, हामी कतै धर्तीकै स्वर्गमा छौं। त्यसो त स्वर्ग कस्तो हुन्छ कसलाई के थाहा ? स्वर्ग देख्ने यहाँ कोही छैन। यदि छ भने त्यो देखेको फर्किएको छैन, यहाँ हुनेले देखेकै छैन। यत्ति हो, वातावरण निकै रमणीय र अहिलेसम्म देख्नै नदेखेको। यसैगरी जारी रह्यो यात्रा। हिजोको हिँडाइले कैँडा लागेका खुट्टा विस्तारै तंग्रिँदै थिए। जति अगाडि बढ्यो नयाँनयाँ दृश्यले मन तान्दै थियो। अब सडक छेउछाउतिरै आइपुगे घामका पाइला। अघि आँखाले लिएको घामको रसस्वादन अब शरीरले पनि गर्न थाल्यो।

यतिञ्जेल हामी त्यस्तै दुई हजार ५०० मिटरबाट माथिको उकालोमा थियौं। बिहानको समय, सेक्दै छ सिरेटो। तर विस्तारै शरीरमा छाएका घामका किरणले न्यानो अनुभव हुँदै छ। देब्रेपट्टी लमतन्न हिमाल र यसको छेल पार्दै खेल्ने रुखको लुकामारी। बडो रोमाञ्चक देखिँदै छ। कहिले हिमालले रुख त कहिले रुखले हिमाललाई छेक्दै थियो। लाग्छ हिमाल नयाँ बेहुलीझैं लजाएर रुखको छेलमा लुक्न जान्छ, तर हामीले हिमाल चुचुरो चियाउन छोडेका छैनौं।

खुट्टालाई थकाइ लाग्थ्यो तर हासेको हिमाल देख्दा मन भित्रैदेखि हाँस्थ्यो। बडो प्रफुल्ल हुन्थ्यो आङ। त्यसपछि त थाकेर पछि लत्रिएका खुट्टामा ऊर्जा भरिन्थ्यो अनि अघिअघि सर्थ्यौं। सबैलाई त्यस्तै भएको अनुभव सुनाउँथे यात्राका साथीहरू। मलाई लाग्छ आफ्नै घरआँगनबाट हिमाल हासेको देख्न पाउने विश्वका धेरै कम भाग्यमानीमा पर्छौं हामी नेपाली।

यतिखेर मैले मेरो बाल्यकाल सम्झिएँ। म सुत्ने बार्दलीतिरै फर्किएर सधैं हाँस्थ्यो माछापुच्छ्रे र धौलागिरि हिमाल। झुल्के घामसँगै उठाउँथ्यो मलाई पनि सुनको हिमालले। सबेरैको रातो घामले सबैभन्दा पहिला माछापुच्छ्रे हिमालको माछाको पुच्छरलाई चुम्थ्यो र विस्तारै धौलागिरि हुँदै अरु हिमशृंखलातर्फ सर्दै जान्थ्यो। त्यसपछि सबै हिमाललाई राताम्मे पार्थ्यो। घाम र हिमालको यो लुकामारी आँखासम्मको मुन्टोमात्र सिरकबाट बाहिर निकालेर चियाउथेँ मैले। त्यसैले दिनभर यही हिमालजस्तै स्वर्णमयी बन्थे मेरो बाल्यकालका हरेक बिहानी। मलाई यही हरेक बिहानीले दिउँसो देखाउँथे र दिनभरका लागि ऊर्जा भर्थे।

त्यही हिमालको साइनो आज गाँस्दै थिएँ म। किनकि नाक ठोक्किने उकालो काट्ने ऊर्जा आज यही हिमाल पस्किँदै छ। ती दिनजस्तै आज पनि हिमालले हाँसेर तान्दै छ र उसको फेदफेदबाटै शिरतिर सर्ने साहस दिएको छ। हिमाल छुने आशाले अघि बढ्दै छन् पाइला। माछापुच्छ्रे र अन्नपूर्ण हिमशृंखलाको फेदबाट आफ्नो यात्रा तय गरिरहेका छौं हामी। एकाध पाइला चालेपछि हिमालतर्फ फर्किहाल्छौं र हेर्छौं कतै हिमालको स्वरूप फेरियो कि भनेर।

माननीय अघिअघि र त्यसपछि हुनुहुन्छ चन्द्र ढकाल दाइ। उहाँहरू हिँड्नेमा पर्नुहुन्छ, हामी पछ्याउनेमा। चन्द्र दाइको हिँडाइ देखेर अरुजस्तै म पनि छक्क पर्दै छु। काठमाडौंको व्यस्त जीवन, सुविधा आदि। यी सबका बाबजुद पनि उहाँले हिँड्ने अभ्यासलाई कसरी कायम राख्न सकेको ? मनबहादुर दाइ त यहींको माननीय, सहरभन्दा गाउँबस्ती बढी चाहार्ने। तर चन्द्र दाइले उहाँलाई पछ्याउँदै हुनुहुन्छ। त्यसपछि गोकुलजी, रुद्रजी, दिवाकरजी र होमजी। भीमदाइ छवि जी र म पछाडि छौं, उहाँहरूलाई पछ्याइरहेकै छौं। प्रस्तावित अन्नपूर्ण सिक्लेस केबलकारको 'अलाइन्मेन्ट' पनि यही पदमार्गको माथिपट्टि पर्दोरहेछ। यो हेर्ने र भित्रभित्रै 'बिजनेस मोडल' बनाउने काम पनि छ चन्द्र दाइको। यो काम भ्याएर पनि हिँड्न उछिन्नुभएको छ हामीलाई। तर प्रस्तावित बटम स्टेसनमा पुगेर केही मिनेट अवलोकनबाहेक यसपालि उहाँको पनि हिँड्ने नै छ योजना।

यो ट्रेकिङ त्यस्तै ६० वर्षअघि टोनी हेगनले नै हिँड्नुभएको रहेछ। सिक्लेस, मत्क्युँ, टँरा, रबरो, तसा, च्योबिने, चिगा, तिँजे, तासा हुँदै कोरी पहाड र यो हुँदै मनाङसम्मै। कोरी पहाडभन्दा पारिपट्टि अझै रमाइलो छ रे। त्यसपछि आउने मिजे, फुलुँ, ठूल्ने, थुर्पु, दूधपोखरी, नामुने भञ्ज्याङ अनि डाँफेखर्क हुँदै मनाङ पुगिने रहेछ। नामुने भञ्ज्याङ अहिलेको नक्साअनुसार कास्की, लमजुङ र मनाङको सिमानामा पर्दछ। डाँफेखर्क चाहिँ मनाङमै पर्छ। तर यसपालि भने हामी कोरीसम्म मात्रै पुग्यौं।

### कोरीको थाप्लैमा हिमाल

त्यस्तै दिउँसो ४ बजेतिर पुग्यौं कोरी। बिहान साढे ५ बजेदेखिको हिँडाइ र पहाडसम्म पुग्ने नपुग्ने त्रासका बीच यहाँ पुग्दा सगरमाथामै पुगेको अनुभूति भयो। यस्तै भन्दैथिए साथीहरू। मलाई पनि माइला दाइको नमस्ते गेष्ट हाउस पुगेपछि युद्ध जितेकै अनुभव भयो। भोकप्यास त छँदै छ। बिहान बोकेको पानी सक्कियो, बाटोमा पानीको स्रोत छैन। प्याकप्याकी परेको ज्यानले अब आराम पाउने भयो। बिहान तसाबाट बाटो लागेकाहरू अब विस्तारै होटल प्रवेश गर्दै छन्। फोन त प्रायः लाग्दैन तर तसा कोरीका व्यवसायीको सम्पर्क भयो होला ठूलो डेक्चीमा भात र दाल पाकेको थियो। त्यो देखेर झन् भोक जाग्यो, खान तयार भयौं।

अब झण्डै माइनस तापक्रममा आइपुगेका छौं। थालमा मुछेको भात मुखसम्म लैजाँदै कठ्यांग्रिइहाल्ने, कस्तो अचम्म ! तात्तातौ भात खाने लाइनमा बस्यौं। तरकारी त उही हो- न्युट्रेला। न्युट्रेलाले टारेको केही छाक भयो। मैले सोधेँ- किन हो जहाँ पनि यही तरकारी छ त भाइ ? हामी बसेको होटलका कुकले भने 'हरियो परियो त कहाँ पाउनु दाइ ? बाटो छैन। न गाडी न घोडा-खच्चड। हेलीमा ल्याउनुपर्ने तरकारी किलोकै सयौं रूपैयाँ भाडा पर्छ। हलुका र सस्तो यही पर्छ। केही बोरा ल्यायो राख्यो। सधैं यही हो।'

खाइसकेपछि अब सुत्ने समस्या। बेलैमा ओछ्याउन नओगटेपछि पाईंदैन। नत्र आज पनि तसाबाट बाटो लागेका कयौं मानिसले यही छाप्रो पनि भरिनेवाला छ। खाट त के ओत पाउनै गाह्रो छ। साँझको रातो हिमाल यसो हेर्‍यौं र बिहान झुल्के घामको हिमाल हेर्ने आशामा सुत्यौं। रातिसम्म त्यस्तै ५० जना पुगे होटलमा। सबैका हिँडाइ अनुभव अलिअलि सुन्दासुन्दै राति नै भएछ।

स्लिपिङ ब्यागभित्र लुट्पुटिएका थियौं। आज पनि उही साना दुई खाटमा पाँच जना। राति त्यस्तै १२ बजेतिर होटलको एकजना भाइ आएर भन्यो, 'दाइहरू यसरी उत्तानो परेर सुतेर कहाँ हुन्छ ? यहाँ अरु दुई जना अटाउनु छ, सुत्न नपाएर मान्छे बाहिर बसिराछन्।' कस्तो रमाइलो ? निकै हास्यौं। भाइको आशयले कोल्टे परेर सुत्नु भन्यो। उसको व्यवस्थापनअनुसार हामी सबैजना कोल्टे परेर सुते त्यहाँ उसले थप दुई जना अटाउन सक्थ्यो। चन्द्र दाइले पनि सुन्नुभएछ, स्लिपिङ ब्यागभित्रैबाट हाँस्नुभयो। मलाई भने दुईपटक हासो उठ्यो। पहिलो उसको व्यवस्थापन सुनेर अनि अर्को कारण थियो त्यो भाइले अरबपतिलाई पनि आज कोल्टे पारेर सुताउनेभयो।

सुत्न त्यस्तै भए पनि बडो रोमाञ्चक रह्यो राति। हाम्रो टिमका ११ जना एउटै केठामा सुतेका थियौं। भूइँ र सबैतिर स्लिपिङ ब्यागमा मानिसहरू पल्टिएका छन्। राति चर्पी लागे बाहिर निस्कने बाटो छैन। तर यतिका धेरै मानिस एउटै हलमा सुत्दा पनि मोजा, सास, शरीर केही गन्हाएको थाहा छैन। सायद चिसोकै करामत होला।

एकाबिहानै सुनको हिमालले सबैलाई स्वागत गरेपछि भने रातिको सबै गाह्रो साँघुरो सबैले बिर्सिए। होटलवाला उठेकै थिएनन्। हिउँ जमेको पानीले मुख धुन सकिने कुरा भएन। तातोपानी खानमात्र दिन्छ, मुख धुन दिँदैन। रातो हिमालसँग वार्तालाप सुरुभयो। सबै झुम्मिन थाल्यौं। विभिन्न कोणका तस्बिर लिन सबैका मोबाइल व्यस्त थिए। कोही अझ माथि पहाड चढ्दै र कोही होटल वरपरको चौरबाट हिमाललाई मोबाइलमा कैद गर्न थाले। माछापुच्छ्रे, अन्नपूर्ण हिमशृंखलाका विभिन्न हिमाल र लमजुङ हिमाल यहाँबाट आकर्षक र नजिक देखिने। लमजुङ हिमालको नामकरण त्यस्तै २०३० सालतिर हर्क गुरुङले गर्नुभएको रे।

तिहारको टीका लगाएर त्यसैदिन काठमाडौंबाट बाटो लागेका हामी त्यसदिन पोखरा बास बस्यौं। त्यसको भोलिपल्ट सिक्लेसहुँदै तसा र पर्सिपल्ट कोरि पहाड पुग्यौं। कोरी पहाड करिब तीन हजार ९०० मिटर उचाइ हो। वास्तवमा हिमाल फेदैमा पुग्ने यो अत्यन्त छोटो र सजिलो रुट रहेछ। तर अब यहाँ बन्ने केबुलकारपछि कोरीमा स्तरीय होटल भयो भने यहाँबाट यो रुट भएर मनाङसम्म पुग्न सक्छन्। अहिले यहाँ होटल छैनन् अनि कोरी बास बसेर मनाङ पुग्नसक्ने अवस्था पनि छैन।

पोखराबाट ३५ किलोमिटर सिक्लेस अहिले पनि मोटरमा जान सकिन्छ। भोलि त प्रस्तावित अन्नपूर्ण सिक्लेस केबलकार (६.५ किमी) कोरी पहाडसम्मै पुग्दा भने हिमालको फेदैमा पुगिन्छ। यति छोटो बाटोबाट हिमाल पुग्ने सायदै अर्को कुनै रुट भेटिएला नेपालमा। त्यसपछि कोरी त छँदै छ, कोरीपारिको पर्यटनमा पनि थप टेवा पुग्ने छ। मानिसहरू भोलि यही बाटो मनाङ जान सहज हुने छ। टोनी हेगनले आफ्नो संस्मरणमा यो रुटलाई एक अलौकिक नेपाल भनेर व्याख्या गरेको भए पनि बीचमा पर्यटकीय पूर्वाधार र विशेषगरी बस्ने होटलको अभावमा यो रुट त्यति प्रचलनमा आउन सकेन। अहिले कोरी र तसामा लाग्ने भीड पनि आन्तरिक पर्यटकहरूको हो। व्यवस्थित होटल नभएकाले विदेशी पर्यटक यहाँ जान चाहेर पनि सकेका छैनन्। तसा हुँदै कोरी पुगेर बास बस्ने अनि फर्किंदा अर्को रुट भएर क्याफुचे ताल हेर्दै फर्किने गर्दा ट्रेकिङको खास आनन्द आउँछ। तर त्यसका लागि कोरीमै पर्यटकीय पूर्वाधारहरू बन्नु आवश्यक छ। कोरीमा होटल बन्न सक्यो भने यो नयाँ रुटमा जान स्वदेशी र विदेशी पर्यटक लालायित हुने छन्। *रासस*

# धार्मिक पर्यटकको आकर्षणमा शालिग्राम संग्रहालय

**ढोरपाटन (बागलुङ)**– एक दशकअगाडि सम्म बागलुङ नगरपालिका-४ कुँडुले फेदी सुनसान थियो । बागलुङबजार नजिकै रहेर पनि विकासका हिसाबले पछाडि परेको थियो । तर अहिले पूर्वाधार विकासँगै धार्मिक पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदै गएको छ ।

तीन वर्षयता यहाँ आन्तरिक तथा बाह्य पर्यटकको दैनिक भीडभाड हुने गरेको छ । सुरुङ निर्माण गरी संग्रह गरेको सवा लाख शालिग्राम र रंगवेंकटेश्वर मुक्तिनारायण मन्दिरको दर्शनका लागि आन्तरिकसँगै भारतीय पर्यटक आउने गरेका छन् ।

मानवनिर्मित मन्दिर तथा शालिग्राम संग्रहालयले धार्मिक पर्यटकलाई आकर्षित गरेको छ । बागलुङ कालिका मुस्ताङको मुक्तिनाथ आउने हजारौं पर्यटक अहिले संग्रहालयमा पुग्न थालेका छन् ।

धार्मिक महत्त्वका संरचनाको प्रचारप्रसारसँगै यहाँ आउने पर्यटकको संख्या हरेक वर्ष बढ्दो छ । सुरुङभित्र कालीगण्डकीको शिर दामोदरकुण्डदेखि त्रिवेणीधामसम्मको आकृति एकै ठाउँमा बनाइएको छ । जसले धेरैलाई आकर्षित गर्ने गर्छ । अझ बढी त शालिग्राम वरपर बनेका मन्दिर र त्यहाँ बनेका अनेक प्रकारका आकृतिले लोभ्याउने गर्छ ।

बागलुङ-बेनी सडकखण्डको केही माथिपट्टि रहेको संग्रहालय बागलुङ बजारदेखि करिब तीन किलोमिटर पश्चिममा पर्छ । पैदल यात्रामार्फत १५ मिनेट र गाडीमा पाँच मिनेटमा पुग्न सकिन्छ । मन्दिर, संग्रहालयलगायत संरचना निर्माण गर्ला १० करोड बढी लगानी भएको छ । चाडपर्व र बिदाको बेलामा अझ बढी पर्यटक आउने गरेका छन् ।



खासगरी दक्षिण भारतका पर्यटक बढी आउने गरेको शालिग्राम संग्रहालयका संरक्षक ऋषि प्रपन्नाचार्यले बताए । हरेक वर्ष यहाँ आउने पर्यटकको संख्या बढ्दै गएको उनको भनाइ छ । अघिल्लो आर्थिक वर्षमा एक लाखभन्दा बढी पर्यटकले शालिग्रामको अवलोकन गरेका थिए भने चालु आर्थिक वर्षको हालसम्म २५ हजारभन्दा बढी पर्यटक यहाँ आउने ऋषि प्रपन्नचार्य बताउँछन् । धर्मप्रति बढी आस्था राख्ने पर्यटक शालिग्रामको दर्शन गर्न आउने उनको भनाइ छ । तीव्र प्रचारप्रसारको कारण पर्यटक आउने क्रम बढेको प्रपन्नचार्य बताउँछन् ।

'परारभन्दा पोहोर धेरै पर्यटक आउनुभयो, पोहोरभन्दा यस वर्षभन्दा बढी आउने सम्भावना देखिएको छ, साउनदेखि यता २५ हजारभन्दा बढी पर्यटकले यहाँको अवलोकन गर्नुभएको छ, मुक्तिनाथ, कालीगण्डकी र बागलुङ कालिकाको सेरोफेरोमा शालिग्राम संग्रहालय रहेको हुँदा आगन्तुकलाई पायकपर्ने गरेको छ,' ऋषि प्रपन्नचार्यले भने, 'अझै बढी पर्यटक भित्रचाउने उद्देश्य राखेका छौं, यहाँ अझै धेरै संरचना बन्दै छन्, धेरै दाताहरूले सहयोग गरेरै अहिले हामीहरू यो ठाउँमा छौं, यो साल पोहोरभन्दा दोब्बर बढी पर्यटक ल्याउने सकिने अपेक्षा गरेका छौं ।'

भारतबाट दर्शनका लागि आएका मुक्तिदेव हरिदासले शालिग्रामको दर्शन गर्दा मनोकांक्षा पूरा हुने हुँदा चार दिन लगाएर यहाँ आएको बताए । मुक्तिनाथ पुग्ने मुख्य सडकमै शालिग्रामको दर्शन गर्न पाउँदा खुसी लागेको उनी बताउँछन् । हरिदासले अहिलेसम्म आफूले एउटा पनि शालिग्राम दर्शन गर्न नपाएको सुनाउँदै एकैपटक सवा लाख देख्दा दंग परेको बताए । संग्रहालयभित्र बनाइएको आकृति अझ बढी उकृष्ट लागेको उनी बताउँछन् ।

हरिदास भन्छन्, 'संसारमा कतै पनि एकै ठाउँमा यति धेरै शालिग्राम पाइँदैन होला, हाम्रो मुख्य गन्तव्य मुक्तिनाथ थियो, पोखरा आउने बेला यहाँको बारेमा सुन्यौं र मुक्तिनाथभन्दा पहिला शालिग्रामको दर्शन गर्न आयौं, हाम्रो २६ जनाको टोली छ, गाडीमै सीधै आउन सकिने रहेछ, तल कालिका मन्दिर, माथि पञ्चकोट र यहाँ शालिग्राम कस्तो रमाइलो रहेछ, एकै ठाउँमा आउँदा धेरैको दर्शन गर्न पायौं, फेरि अर्कोपटक पनि आउने छौं, यस्तो पवित्र स्थानको प्रचार अलिक कम भएको जस्तो लाग्यो, हामीलाई थाहा थिएन, बाटोमा आउँदा बल्ल जानकारी पायौं, उतै हुँदा थाहा हुन्थ्यो भने उहीँ 'प्लान' बनाएर आउथ्यौं ।'

शालिग्राम वरपर रंगविंकटेश्वर मुक्तिनारायण मन्दिरसहित मुक्तिनाथ वेद विद्याश्रम पाठशालासमेत सञ्चालनमा छ । धार्मिक यात्रीले यहाँ आएर सबै क्षेत्रको अध्ययन र दर्शनसमेत गर्न पाउँछन् । पछिल्लो समय पशुपति, जनकपुर, लुम्बिनी र मुक्तिनाथको यात्रामा आउने धेरै भक्तजन र पर्यटकले शालिग्राम संग्रहालयलाई प्राथमिकतामा राखेका छन् । पर्यटन विकास समिति बागलुङका अध्यक्ष एवं बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले यहाँका बारेमा सञ्चारमाध्यम र समाजिक सञ्जालमार्फत प्रचारप्रसारमा ध्यान दिनुपर्ने बताए ।

धार्मिक पर्यटकलाई लक्षित गरी सूचना बोर्डहरू राख्ने, पर्यटक सहायता कक्षा स्थापना गर्नका लागि पर्यटन विकास समितिले तयारी थालेको अध्यक्ष खड्का बताउँछन् । 'हामीसँग स्रोत साधान निकै कम हुन्छ, एक्लै गर्न सकिँदैन, यद्यपि क्षमताले भ्याएसम्म पर्यटन प्रवर्द्धनका लागि जुटिराखेका छौं, पर्यटन बोर्डसँग पनि सहकार्य गर्नेछौं,' उनले भने, 'मुक्तिनाथ जाने सबै पर्यटकलाई यहाँ ल्याउनका लागि केही प्रयास गरिरहेका छौं, सबै पालिका, प्रदेश र संघ सरकारसँग सहकार्य गरेर पर्यटकको आगमनलाई बढाउँछौं, पहिलेको तुलनामा शालिग्राम संग्रलहायसहित अन्य पर्यटकीय क्षेत्रमा विदेशी पर्यटकको संख्या बढेको छ ।' *रासस*

# सामाजिक जीवनमा फर्किंदै लागुऔषध प्रयोगकर्ता

**नेपालगञ्ज**– नेपालगन्जमा रहेको नवदृष्टि महिला पुनःस्थापना केन्द्र लागुऔषध प्रयोगकर्ता महिला र युवतीका लागि व्यवहार रूपान्तरणको थलो बनेको छ । अभिभावकको समन्वयमा पुनःस्थापना केन्द्रमा आएका युवती तथा महिला अहिले लागुऔषध प्रयोगकर्ताका उपचारपछि यतिबेला प्रशिक्षकसमेत बनेका छन् ।

'अहिले बल्ल वास्तविक जीवनमा फर्केको महसुस हुन्छ,' एक पूर्वलागुऔषध प्रयोगकर्ता युवतीले भनिन् । पुनःस्थापना केन्द्रमा पहिलो, दोस्रो र अन्तिम उपचारमा संलग्न भएपछि वास्तविक जीवनलाई बुझेको उल्लेख गर्दै उनले लागुऔषधको सेवन गलत रहेछ भन्ने कुरा बुझेको अनुभव सुनाइन् ।

'मैले लागुऔषध प्रयोग गर्दा परिवारको माया लाग्दैनथ्यो, तर अहिले मेरो व्यवहार परिवर्तन भएपछि परिवारको र समाजको माया लाग्छ,' स्नातक तहमा अध्ययन गर्दै आएकी ती युवतीले भनिन् । करिब ११ महिनादेखि यस संस्थामा रहेकी उनले लागुऔषध प्रयोग गर्दा खानाको वास्ता नभएको तर अहिले नशा छाडेपछि आफ्नो स्वास्थ्य अवस्था पनि राम्रो भएको बताइन् ।

'मैले लागुऔषध प्रयोग गर्दा केही पनि सोच्न सक्दैनथें तर अहिले मेरो मानसिक स्वास्थ्य पनि राम्रो भएको छ,' उनले भनिन्, 'लागुऔषध प्रयोगकर्तासँग अहिले म आफैंले जानकारी लिएर 'इनपुट र सेयरिङ गरिरहेकी छु । मलाई के लाग्छ भने सेयरिङ सबैभन्दा उत्कृष्ट औषधि हो ।'

पाँच वर्षदेखि सञ्चालनमा आएको नवदृष्टि पुनःस्थापना केन्द्रकी संस्थापक सिमरन राजभण्डारीले आफू पनि कुनै न कुनैरूपमा लागुऔषधमा फसेको र पछि व्यवहार परिवर्तन भएपछि यस क्षेत्रमै काम गर्नुपर्छ भन्ने सोचको विकास भई महिला पुनःस्थापना केन्द्र सुरु गरिएको बताइन् ।

साथीहरूको लहलहैमा लागेर आफू पनि लामो समय लागुऔषधको दुर्व्यसनमा फसेको बताउँदै उनले आवासीय रूपमा पुनःस्थापना केन्द्रमा बसेका महिला तथा युवतीलाई व्यवहार परिवर्तनका विषयमा सिकाइने जानकारी दिइन् । लागुऔषध प्रयोगकर्ताको व्यवहार परिवर्तन गर्न प्रत्येक बिहान नियमित अभ्यास, ध्यान, आदर तथा सत्कारलगायत व्यवहारका विषयमा सिकाइनुका साथै चिकित्सकमार्फत उपचार पनि गरिने राजभण्डारीले बताइन् ।

'उहाँहरूलाई महसुस हुनेगरी परामर्श गरेर लागुऔषध प्रयोगकर्ता युवती तथा महिलाको व्यवहार परिवर्तन गर्न सकिन्छ,' उनले भनिन् । सो संस्थामा फिजिसियन चिकित्सक, मनोपरामर्शदातासहित सात जनाको जनशक्ति कार्यरत छ । २५ जनाको क्षमता रहेको पुनःस्थापना केन्द्रमा अहिले विभिन्न जिल्लाबाट आएका १९ जना युवती तथा महिला छन् । तीमध्ये सबैभन्दा बढी १५ देखि २५ वर्ष उमेर समूहका लागुऔषध प्रयोगकर्ता छन् । पुनःस्थापना केन्द्रमा बाँके, बर्दिया, दाङ, सुर्खेत, कपिलवस्तु र रूपन्देहीका लागुऔषध प्रयोगकर्ता युवती तथा महिला छन् । १५ देखि २५ वर्ष उमेर समूहका युवतीले ब्राउन सुगरको प्रयोग गरेको र २५ देखि ५५ वर्ष उमेर समूहका महिलाले धेरैजसो मदिरा सेवन गरेको पाइएको संस्थापक राजभण्डारीले बताइन् ।

उनले पुनःस्थापना केन्द्रमा अवासका लागि विभिन्न प्याकेज रहेको जानकारी दिँदै तीन महिनामा खासै परिवर्तन नभए पनि छदेखि नौ महिनामा व्यवहार परिवर्तन भएको पाइएको बताइन् । 'कतिपय अभिभावकले यहाँ ल्याएर छोड्नुहुन्छ र सम्पर्कविहीन भइदिनुहुन्छ त्यसले हामीलाई कहिलेकाहीँ अप्ठचारो पार्छ,' उनले भनिन्, 'उहाँहरूलाई संस्थामा भित्रचाएर चिकित्सकमार्फत उपचार सुरु हुन्छ र त्यो बेला उहाँहरूको शारीरिक अवस्था कमजोर हुन्छ, त्यसबेला उहाँहरूमा बेहोसजस्तो हुने र चिच्याउने, कराउनेलगायतका व्यवहार देखिन्छ ।'

पुनःस्थापना केन्द्रका कार्यक्रम संयोजक राशी रावलले युवती तथा महिलालाई अभिभावकले पुनःस्थापना केन्द्रमा राख्ने समय कम भएका कारण व्यवहार परिवर्तनमा समस्या आएको उल्लेख गरिन् । उनले मानसिक स्वास्थ्यको अवस्था राम्रो हुन कम्तीमा एक वर्षको समय लाग्ने भन्दै लागुऔषध प्रयोगकर्तालाई विगतका कुरा बिर्साउने विषयलाई पनि प्राथमिकतामा राखेर काम गरिरहेको बताइन् ।

नेपालगञ्जमा महिला पुनःस्थापना केन्द्र एउटा मात्रै छ । केन्द्रमा उपचार गरी पाँच वर्षमा करिब २०० महिला तथा युवती घर फर्किएका छन् भने ६० प्रतिशतको व्यवहार परिवर्तन भई सामान्य जीवन बिताएको संस्थाको भनाइ छ । *रासस*


## दरमखोला हाइड्रो इनर्जी लिमिटेड

कम्पनीको रजिष्ट्र्ड कार्यालय, बाग्लुङ्ग जिल्ला
गलकोट ११, मनेवा

**बिशेष साधारण सभा बस्ने सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८०/०८/१७ गते

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस दरमखोला हाइड्रो इनर्जी लिमिटेडको विशेष साधारण सभा निम्न मिति, समय, स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति,समय र स्थान :**
मिती: २०८०/०९/०२ गते, सोमबार
समय: बिहान ठिक १०:०० बजे
स्थान: कम्पनीको रजिष्ट्र्ड कार्यालय, बाग्लुङ्ग जिल्ला गलकोट ११, मनेवा ।

**बिशेष साधारण सभामा छलफलका लागि पेश हुने एजेण्डा/प्रस्तावहरु:-**
१) कम्पनीको नियमावलीको नियम २७ को (२) को (क) र (ख) लाई संशोधन गर्ने सम्वन्धमा ।
२) विविध ।

कम्पनी सचिव
दरमखोला हाइड्रो इनर्जी लिमिटेड


# लालपुर्जा पाइने भएपछि खुसी छन् स्थानीय

**भजनी**– कैलालीको टीकापुर नगरपालिका-६ का निसाद विक्रम बमको एक बिघा छ क√ा ऐलानी जग्गा करिब ६० वर्षदेखि भोगचलन गर्दै आएको छ । जग्गा भएर पनि सुकुम्बासीको जस्तो जीवन बिताउन बाध्य भएका निसाद यतिबेला भने खुसी छन् ।

राष्ट्रिय भूमि आयोग गठन भएर जग्गा वितरणको काम सुरु भएसँगै वडा कार्यालयबाट लालपुर्जाको निस्सा पाएपछि उनी खुसी भएका हुन् । 'जग्गा भएर पनि सुकुम्बासीजस्तो भएर बस्नुपरेको थियो । त्यस जग्गाबाट उत्पादन गर्नुभन्दा अर्को विकल्प नहुँदा धेरै सपना मार्नुपरेको थियो,' निसाद भन्छन्, 'पहिले नै लालपुर्जा पाएको भए त्यही जग्गा बैंकमा राखेर कयौं काम गर्न सकिन्थ्यो होला । त्यो हुन सकेन । अब आशा जागेको छ । स्थानीय सरकारले ढिलै भए पनि लालपुर्जा वितरणको प्रक्रिया सुरु गर्दा आगामी दिनमा विगतको जस्तो समस्या आउने छैन ।'

वडा कार्यालयले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणका लागि निस्सा वितरण सुरु गरेसँगै वडाभित्रका करिब ६०० परिवारमा खुसियाली छाएको छ । सोही ठाउँका मंगल पुनसँग कति जग्गा छ भन्ने थाहै छैन । करिब सात दशकदेखि भोगचलन गर्दै आएको जग्गा अनुमानित एक बिघाभन्दा बढी छ ।

वडा कार्यालयबाट निस्सा पाएपछि निकै खुसी भएका उनी लालपुर्जा पाउनेमा विश्वस्त छन् । 'एक बिघाभन्दा बढी जग्गा होला । तर नापजाँच अहिलेसम्म भएको छैन,' उनी भन्छन्, 'वडा कार्यालयबाट निस्सा पाएपछि अब लालपुर्जा पाउने आशा जागेको छ । अब जग्गा कति छ भन्ने पनि थाहा हुन्छ ।'

भ्रतापुरका खेदु डगौरा पनि चार दशकदेखि ऐलानी जग्गा कुरेर बसेका छन् । दश क√ा जग्गा आजसम्म आउँदा छ क√ामा सीमित भएको छ । सँधियारले मिच्दै गएपछि उनको १० क√ा जग्गा छ क√ामा सीमित भए पनि उनका लागि सबथोक त्यही जग्गा हो । 'त्यसमा भएको उब्जनीबाट परिवारको पेट भरिन्छ । छोराछोरीको कापी कलम पनि हुन्छ खेदु भन्छन् ।

वडामा ६४० जनालाई जग्गको निस्सा वितरण भएको वडाध्यक्ष बलिराम चौधरीले बताए । उनका अनुसार २० परिवार भूमिहीन दलित, ८० परिवार भूमिहीन सुकुम्बासी र ५४० अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणका लागि निस्सा वितरण सुरु गरेको हो । 'आजसम्म हामीले लालपुर्जा वितरण गरिसक्नुपर्ने थियो । बीचमा भएको सरकार परिवर्तन र अन्य प्राविधिक समस्याले समयमा काम गर्न सकिएन,' वडाध्यक्ष चौधरी भन्छन्, 'निस्सा वितरणको काम सकिएलगत्तै जग्गाको नापजाँचको काम सुरु गरेर लालपुर्जा वितरणको काम सुरु गर्ने तयारी गरेका छौं ।'

नगरपालिकाले केही दिनमा अरु वडामासमेत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणका लागि निस्सा वितरणको काम सुरु गर्ने नगरप्रमुख रामलाल डगौरा थारुले जानकारी दिए । उनले सबैभन्दा बढी समस्या वडा नं १ र ८ मा रहेको र त्यहाँ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी धेरै रहेका बताउँदै क्रमशः सबैलाई जग्गाको मालिक बनाइने बताए ।

टीकापुर नगरपालिकाको वडा नं १ स्थित टीकापुर बहुमुखी क्याम्पसको जग्गामा मात्रै पाँच हजारभन्दा भन्दा बढी सुकुम्बासी छन् । क्याम्पसको नाममा रहेको ३०० बिघा जग्गा अतिक्रमण गरेर बसेका सुकुम्बासी त्यही ठाउँमा जग्गा पाउने आशामा छन् भने क्याम्पस प्रशासनले पटक-पटक आफ्नो जग्गा खाली गराइदिन स्थानीय सरकारमार्फत आग्रह गर्दै आएको छ । त्यहाँ बसोबास गरिरहेका सुकुम्बासीलाई व्यवस्थापन गर्न भने चुनौती देखिन्छ । *रासस*


## पुनर्वास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१७)*

यस कार्यालयबाट मिति २०८०/०६/१८ र १९ गते PPMO मा प्रथम पटक (e-Bid) मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| ठेक्का नं. | बोलपत्रदाताको नाम | आयोजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.) बाहेक |
|---|---|---|---|
| PUN/MUN/ 080/81-01 | श्री रकाल कन्स्ट्रक्सन कोटदेवल -०७ बझांग | River Training Works Along Doda River Punarbas-08,9 Kanchanpur. | ४९,८२,५५७.५/- |
| PUN/MUN/ 080/81-02 | श्री दाऊत निर्माण सेवा पुनर्वास-०२, कंचनपुर | Incomplete Blacktop Road Construction, Tara Giri Chock -West Ward No 1- Boarder of Belauri Municipality, Punarbas Municipality-04,01 Kanchanpur | ६३,२६,०२२.५०/- |
| PUN/MUN/ 080/81-02 | श्री मैटुप निर्माण सेवा पुनर्वास-०३, कंचनपुर | Blacktop Road Construction, Mitra lal House to Daya Ram Rana Chock Punarbas Municipality-07 Kanchanpur | २१,४०,४७२.००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक


## रूपशाला

### 'पानीफोटो' ओटिटीमा

अभिनेता खगेन्द्र लामिछानेको निर्देशनमा डेब्यू फिल्म 'पानीफोटो' ओटिटी प्लेटफर्म 'सिनेमाघर एप'मा रिलिज भएको छ। शुक्रबार रिलिज यो फिल्म विश्वभरबाट हेर्न सकिन्छ। फिल्म गत वर्ष श्रावणमा सार्वजनिक प्रदर्शनमा आएको थियो। तर फिल्मले दर्शकको मन भने जित्न सकेन। अभिनेता खगेन्द्रले नै फिल्म लेखेका हुन्। फिल्ममा खगेन्द्रकै मुख्य भूमिका छ। खगेन्द्रको अलवा अनुप बराल, मेनुका प्रधान, मलिका महत, प्रकाश घिमिरे, माओत्से गुरूङ, बुद्धि तामाङ, राधा श्रेष्ठ, कमलमणि नेपाल, अशान्त शर्मा, अजस्र ढुङ्गाना, कमल देवकोटा, पुष्पा यादव, सुलक्षण भारती, टिकाभक्त जिरेल, अनोज पाण्डे, अनिल पाण्डे, अर्जुन पौडेल, नवराज गिरी अभिनय फिल्ममा देख्न सकिन्छ।




आइतबार, १७ मंसिर २०८० (Sunday, December 3, 2023)


# निर्माता र प्रदर्शकलाई बराबर सेयर



**काठमाडौं–** चलचित्र भवनमा नेपाली चलचित्र प्रदर्शन भएबापत निर्माता तथा प्रदर्शकले बराबरी सेयर पाउने भएका छन्। यही मङ्सिर ७ गते निर्माताको छाता संस्था नेपाल चलचित्र निर्माता सङ्घ र प्रदर्शक तथा वितरकको छाता संस्था नेपाल चलचित्र सङ्घबीच सेयरको विषयमा सहमति भएको थियो।

निर्माताले वर्षौंदेखि उठाइरहेका सेयर बाँडफाँटको मुद्दा नौलो होइन। चलचित्र निर्माता र चलचित्र सङ्घबीच थुप्रैपटक यस विषयमा विवाद भइसकेको थियो। विसं २०६० मा ४२ दिनको आन्दोलनपछि १९ बुँदे सहमति, विसं २०७५ मा निर्माताद्वारा पुनःआन्दोलन गर्ने घोषणापश्चात् भएको १७ बुँदे सम्झौता कार्यान्वयन भएको थिएन। प्रदर्शकले चलचित्र प्रदर्शनको समयमा समस्या दिने भन्दै एकाधबाहेक निर्माताले आवाज उठान सकेका थिएनन्।

कोरोना महामारीले थलिएको चलचित्र क्षेत्रलाई चलायमान बनाउन विसं २०७८ असोजमा पहिलो साता ५५ प्रतिशत र दोस्रो साता ५० प्रतिशत विभाजनको निर्णय भएको थियो। सो समयमा निर्माताले केही वर्षयताको धेरै सेयर पाएका थिए। त्यसपछि विसं २०७९ बाट सेयर बाँडफाँटसम्बन्धी नयाँ नियम लागू गर्दै पहिलो र दोस्रो साता निर्माता र प्रदर्शकले ५०/५० प्रतिशत र तेस्रो सातादेखि निर्मातालाई ३५ प्रतिशत सेयर पाउने व्यवस्था भयो। गएको तिहारको अवसर पारेर गत कात्तिक २४ गतेदेखि प्रदर्शन गरिएको नेपाली चलचित्र 'दिमाग खराब'को निर्माण समूहले विदेशी चलचित्रसरह सो सफ्ता र प्रदर्शनअन्तर्गत भएको कूल व्यापारको ५० प्रतिशत सेयर नपाए प्रदर्शन रोक्ने घोषणा गरेपछि यस विषयमा बहस सुरू भएको थियो।

'लूट' चलचित्रमार्फत कथ्य शैली र पात्रको भाष्य शैलीलाई बदल्न सफल निर्देशक निश्चल बस्नेतले गर्नुभएको आँटलाई सामाजिक सञ्जालमार्फत अधिकांश चलचित्रकर्मीले सहमति दिएका थिए। चलचित्र भवनमा विदेशी चलचित्र कम रहेको र नेपाली चलचित्रमा दर्शक बढिरहेका सन्दर्भमा उचित माग सम्बोधन नगरिए ओभर दी टप (ओटिटी) वा अन्य विकल्पिक माध्यमबाट चलचित्र प्रदर्शन गरिने घोषणा निर्देशक बस्नेतले गरेका थिए।

सोही मौका छोपेर निर्माता सङ्घले माग सम्बोधन नगरिए स्वदेशी मात्र नभई विदेशी चलचित्रको प्रदर्शन रोकेर आन्दोलन गर्ने चेतावनी दिएको थियो। त्यसपछि दुई सङ्घबीच भएको वार्तामार्फत देखिएका समस्याको समाधान गर्न सकारात्मक छलफल भयो।

'एउटा चलचित्र नभई समग्रमा देखिएका समस्याको विषयमा संवाद गरेका हौं। यो सहमतिले निर्मातालाई ऊर्जा दिएको छ। यो दुवै पक्षको जीत हो', निर्माता सङ्घका अध्यक्ष खड्काले भने। साथै, उनले निर्माता र प्रदर्शकलाई बराबर सेयर दिनेसहित छ बुँदामा सहमति भएको जानकारी दिए।

चलचित्र निर्माण गरेर चलचित्र भवनमा प्रचारप्रसार सामग्री श्रव्यदृश्य (ट्रेलर, टिजर), पोस्टर राख्नेलगायत विभिन्न विषयवस्तुमा निर्माताले शुल्क तिर्दै आइरहेका थिए। यद्यपि विदेशी चलचित्र खरिद गरेर ल्याइने भएकाले चलचित्र भवनकै दायित्व रहँदै आएको छ। नेपालीको हकमा पनि सहमति गर्ने प्रयास अझै छ।

सम्पूर्ण जोखिम आफूले उठाएपछि भएको व्यापारको आधाभन्दा बढी हिस्सा प्रदर्शकलाई दिने कुरामा निर्माता सहमत थिएनन्। निर्माता सङ्घका सदस्य रवीन्द्रसिंह बानियाँले नयाँ सहमतिले सम्पूर्ण नेपाली चलचित्रलाई फाइदा पुग्ने विश्वास व्यक्त गरे। उनले भने, 'वार्तामा भएका सहमतिले प्रदर्शक र निर्माताको दूरी घटाएर नजिक ल्याउनेछ। दुवैलाई आफ्नोपन महसुस हुनेछ।'

निर्मातालाई चलचित्र निर्माणसँगै प्रदर्शनको चिन्ता धेरै हुने निर्देशक तथा निर्माता पुर्नेन्दु झाले बताए। चलचित्रसम्बन्धी अध्ययन गरेर 'संरक्षण' नामक चलचित्रमार्फत निर्देशनसँगै निर्माता बनेका झालाई चलचित्र प्रदर्शन गर्न चार वर्ष लाग्यो। उनले चलचित्र बनाउनुमात्र नभई प्रदर्शनको शिक्षा पनि लिनुपर्ने महसुस गरे।

'यहाँ स्वदेशी चलचित्रले आफूलाई प्रमाणित गरेर शो पाउने अवस्था थियो। दर्शक आउन थालेपछि तेस्रो साताबाट निर्माण पक्षले कम सेयर पाउने गरेका थिएँ। यसकारण चलचित्रको कुल व्यापार बढी भए पनि निर्माताले कम सेयर पाउने गरेका थिएँ', निर्देशक झाले भने। पछिल्लो सम्झौतालाई निरन्तरता दिएमा निर्मातालाई नयाँ ऊर्जा प्राप्त हुने विश्वास उनको छ। नयाँ चलचित्रको तयारीमा जुटेका पनि काम अगाडि बढाउन रोकिएका निर्देशक झाले चाँडै छायांकन थाल्ने गरी काम सुरु गरेको बताए।

यो समस्यालाई नजिकबाट बुझेका निर्माता तथा प्रदर्शक दीपकराज गिरीले यहाँ नयाँ बानेश्वर चोकस्थित एनबी सेन्टरमा रहेको आइएनआई सिनेमाजको शुभारम्भमै नेपाली चलचित्रको निर्माण पक्षलाई ५० प्रतिशत सेयर दिने घोषणा गरेका थिए।

'मैले निर्माताका रूपमा उठाउँदै आएको समस्यालाई आफू प्रदर्शक भएपछि सम्बोधन गरेको हो। यसले अन्य प्रदर्शकलाई पनि प्रेरणा दिओस् भन्ने थियो। पछिल्लो सहमतिले निर्माताको धेरै अगाडिको माग सम्बोधन गरेको छ। अब यस क्षेत्रमा देखिएको समस्यामा दुई संस्था एकजुट भएर अगाडि बढ्ने छौं', निर्माता गिरीले भने।

पछिल्लो समय देखिएको समस्या विशेषतः नेपालमा मल्टिप्लेक्स चलचित्र भवन सुरु भएपछि बढेको हो। आधुनिक भनिएको चलचित्र भवन सञ्चालन खर्चिलो हुने भएकाले निर्माताले कम सेयर पाउन थाले। त्यस अगाडि चलचित्र भवनले बराबर मात्र नभई बढी सेयर दिनुका साथै अग्रिम भुक्तानीसमेत गर्थे। डिजिटल प्रविधि भित्रिनु अगाडि सेलुलोइड प्रविधिमा चलचित्र निर्माण तथा निर्देशक गरेका ज्ञानेन्द्र देउजाले प्रदर्शकसँग पछिल्लो समय देखिने गरेको समस्या उक्त समयमा नरहेको बताए।

'हामीले छायांकन गर्दा नै कलाकार र गीतसङ्गीतका आधारमा अग्रीम भुक्तानी दिएर प्रदर्शनको सुनिश्चितता गर्नुहुन्थ्यो। हामीले आफ्नो मागअनुसार सेयर पाउने गरेका थियौं। मैले गत वर्ष डिजिटल प्रविधिमा चलचित्र निर्माण गरेर प्रदर्शन गर्दा धेरै नयाँ अनुभव पाएँ', निर्देशक देउजाले भने, 'हामीले मागभन्दा बढी पूर्ति गरेकाले पनि यस्तो भएको हुनसक्छ किनकी अहिले निर्माताले चलचित्र निर्माण गर्ने मात्र नभई प्रदर्शन कसरी गर्ने पनि बुझ्नु जरुरी छ।'

ढिलै भए पनि निर्माता र प्रदर्शकको सङ्घमार्फत गरिएको निर्णयको चलचित्रकर्मीले प्रशंसा गरेका छन्। आउँदो समयमा देखिने अन्य समस्यालाई दुवै सङ्घ मिलेर समाधान गर्ने सहमति जुटेको छ। यो सहमति जति धेरै समय लागू हुनेछ, त्यति नै दुई संस्थाबीचको सामिप्यता बढ्नेछ। अन्य समस्या नदेखिएका होइनन् तर छलफलले सकारात्मकता थपेको छ। अर्थात् एकजुट भएर अगाडि बढ्न पछिल्लो संवादले मद्दत गरिरहेको छ। *रासस*

# भारती खरेल पुरस्कार गिरिलाई




**काठमाडौं (प्रस)–** भारती खरेल प्रतिष्ठानले अध्यात्मसाधनामा योगदान गरेबापत डा. स्वामी आत्मानन्द गिरि गलेश्वरधाम आश्रम देवघाटलाई यस वर्षको भारती खरेल पुरस्कार प्रदान गरेको छ।

प्रतिष्ठानद्वारा शनिबार आयोजित समारोहमा नेपाल प्रज्ञाप्रतिष्ठानका पूर्वउपकुलपति डा. वासुदेव त्रिपाठीले उनलाई रु ५१ हजार राशि नगदसहितको पुरस्कार र सम्मानपत्र प्रदान गरे। साहित्यकार स्व. भारती खरेलको ८६औं जन्मजयन्ती तथा ३१औं स्मृति दिवसका अवसरमा आयोजित उक्त कार्यक्रममा प्रतिष्ठानका सदस्यसचिव प्राध्यापक प्रयागराज भट्टराई वाशिष्ठले सम्मानित व्यक्तित्वको परिचय र योगदानबारे प्रकाश पारे।

प्रतिष्ठानका अध्यक्ष शैलेन्द्र साकारले अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ गजलकार प्राडा सनतकुमार वस्तीले साहित्यसेवी खरेलको सामाजसेवा र अध्यात्मसाधनामा भएको योगदानको विभिन्न पाटो पक्ष तथा प्रकाशित कृतिबारे जानकारी दिए।

विसं १९९५ मङ्सिर १६ गते जन्मिएकी खरेलको विसं २०४९ साउन ४ गते निधन भएको थियो। विसं २०४९ मा पति समाजसेवी चद्रिकानन्द खरेल र छोरा गायक दीपक खरेललगायत पुरस्कारका लागि अक्षयकोष र प्रतिष्ठान स्थापना गरेका हुन्। प्रतिष्ठानले यसअघि विभिन्न सात संस्था, १५ साहित्यकार, चार समाजसेवी र पाँच अध्यात्मसाधकलाई यो पुरस्कार प्रदान गरिसकेको छ। स्व खरेलका गङ्गा-जमुना, एउटी आमाको कथा, भजन भारती तथा नवरत्नलगायत नौ कृति प्रकाशित छन्।

# 'मायावी'को छायांकन सकियो

**काठमाडौं (प्रस)–** दिवाकर भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्म 'मायावी'को छायांकन सकिएको छ। मुस्ताङ र पोखराका विभिन्न स्थानमा छायांकन गरिएको फिल्मको पहिलो चरण र दोस्रो चरण गरी करिब २ महिनामा छायांकन सकिएको हो।

फिल्मको छायांकन सकिएको अवसरमा निर्माणपक्षले केक काटेर खुसी साटेको थियो। शनिबार बिहान २ बजे फिल्मका मुख्य कलाकार र प्राविधिकहरूले इन्ड क्ल्याप गरेका थिए।

यो फिल्ममा पल शाह, दीपिका प्रसाईं, सुशील सिटौला, समिम खान, करिश्मा श्रेष्ठ, प्रशान्त ताम्राकार, लक्ष्मी गिरी, रवि डङ्गोल, राजाराम पौडेल, अंशु महर्जन, रमा प्रसाईं लगायतका कलाकारको मुख्य भूमिका छ। फिल्मको छायांकन सकिएसँगै निर्देशक भट्टराई निकै उत्साहित छन्। उनले, यो फिल्म आफ्ना लागि पनि विशेष हुने र नायक पल शाहको करिअरलाई भने नयाँ उचाइ दिने बताएका छन्।

फिल्ममा राज कटुवाल र चन्द्र पन्तको लगानी छ। फिल्मको सह-निर्माताको रूपमा राजु पराजुली, रमा प्रसाईं र नभ्नित झा छन्। फिल्मका कार्यकारी निर्मातामा प्रवीण भट्टराई र करण सिंह छन् भने सहयोगी निर्माताको रूपमा अम्बरीश कश्यप छन्।

क्रियटिभ सिने आर्ट्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा राजु थापाको डीओपी, एसडी योगीको संगीत, राम अविरलको गीत छ। फिल्मको लाइन प्रोड्यूसरमा राजकुमार कार्की छन्। फिल्मको प्रदर्शन मिति भने तय गरिएको छैन। यो फिल्मले पोखरा केन्द्रित कथा भन्छ। राम्रो टिम भएकाले राम्रोसँग छायांकन सकियो, अब फिल्मको पोस्ट प्रोडक्शनको काम सकाएपछि प्रदर्शन मिति तय गर्ने निर्देशक भट्टराईले बताएको छ।

## रंगशाला

**नेपाल सुपर लिग**

# धनगढी र ललितपुर बराबरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग एनएसएको शनिबारको खेलमा धनगढी एफसी र ललितपुर सिटी एफसीले बराबरी खेलेका छन्। शनिबार दशरथ रंगशालामा धनगढी र ललितपुरले गोल रहित बराबरी खेल्दै अंक बाँडेका हुन्। खेल अवधिभर दुवै टिम एक अर्काविरुद्ध आक्रमण बुनेपनि गोल गर्न भने सकेनन्। धनगढी र ललितपुरलाई यस सिजनको एनएसएलको उपाधि दाबेदारको रूपमा लिईएको छ।

ललितपुरलाई पहिलो हाफमा भाग्यले पनि साथ दिएन। खेलको ३४ औं मिनेटमा धनगढी गोलको नजिक पुगेको थियो। अनन्त तामाङको क्रसमा निखिल कदमले हेड पोस्टको माथि लागेर टच लाईन बाहिर झरेको थियो। जसलाई धनगढीका गोलकिपर मोहमद टाहाले तत्कालै समातेका थिए।

ललितपुरका गोलकिपर जेफ्री बाल्टसले उत्कृष्ट खेल प्रदर्शन गरेपछि धनगढीले तेस्रो खेलमा भने जित निकाल्न असफल रह्यो।

दोस्रो हाफमा धनगढीका अहमद हिजाजीको दुई शक्तिशाली प्रयासलाई बाल्टसले असफल बनाएका थिए। सुरुवातमा हिजाजीको हेड प्रहारलाई बाल्टसले रोकेका थिए।

दोस्रो पटक रन्दिप पाडेलको उत्कृष्ट क्रसमा हिजाजीकै प्रहारलाई बाल्टसले उत्तिकै उत्कृष्ट ढङ्गले बचाएका थिए। त्यसपछि धनगढीका फाल्लो डियाग्ने डिबक्स बाहिरबाट हानेको घातक भली प्रहारलाई बाल्टसले पोस्ट बाहिर पठाईदिएका थिए। ललितपुरले समेत धनगढीविरुद्ध लगातार आक्रमण बनेपनि सफल हुन सकेन। खेलको अन्तिम मिनेटमा डिबक्स भित्र बिना मार्क रहेको पापा इबु कोबेले गोल गर्न सकेनन्। बराबरीको नतिजा निकाल्दै धनगढी लिगको शीर्ष स्थानमा यथावत छ। धनगढीले ३ खेलबाट ७ अंक जोडेको छ। दोस्रो स्थानको ललितपुरले २ खेलबाट ५ अंक जोडेको छ।

# रंगेली प्रिमियर लिग पुसको पहिलो साता सुरु हुने




**विराटनगर (प्रस)–** प्रथम संस्करणको टी- २० रंगेली प्रिमियर लिग क्रिकेट प्रतियोगिता हुने भएको छ। खेलकुद विकास समिति रंगेलीको आयोजनामा पुस ८ गतेदेखि क्रिकेट प्रतियोगिता हुने भएको हो।

आयोजकले रंगेलीमा शनिबार पत्रकार सम्मेलन गरी पुस ८ गतेदेखि २२ गतेसम्म स्थानीय जनता क्याम्पसको खेलमैदानमा प्रतियोगिता हुने जानकारी गराएको छ। प्रतियोगिताको विजेताले नगद १ लाख रूपैयाँको साथै आकर्षक ट्रफी रहेको छ। उपविजेताले नगद ५१ हजार रूपैयाँ पाउनेछन्। रंगेलीको खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्यले क्रिकेट प्रतियोगिता आयोजना गरिएको खेलकुद विकास समिति रंगेलीका अध्यक्ष वेदमणि घिमिरेले जानकारी दिए। 'अहिले राखिएको प्रतियोगिताको पुरस्कार राशि बढ्न पनि सक्नेछ,' उनले भने, 'सहयोग गर्ने दाता राम्रो आउँदा हामी विजेता र उपविजेताको राशि बढाउने छौं।' प्रतियोगितामा रंगेलीका ६ वटा टिमको सहभागिता रहने खेल संयोजक अभिषेक मण्डलले जानकारी दिए। रंगेली नगरपालिका भित्रको खेलाडीको टिमहरू रहने उनले बताए। लिग चरणको आधारमा प्रतियोगिता हुनेछ। प्रत्येक खेलमा म्यान अफ द म्याचको पुरस्कार रहेको छ। प्रतियोगिताको म्यान अफ द सिरिज हुने खेलाडीलाई नगद १० हजार, बेस्ट ब्याट्स म्यानलाई ५ हजार १ सय, बेस्ट बलरलाई ५ हजार १ सय, बेस्ट फिल्डरलाई ३ हजार ५ सय रूपैयाँ रहेको खेलकुद विकास समितिका सचिव राजन पनेरुले जानकारी दिए।

प्रतियोगितामा दर्शकले क्याच गरेमा हरेक क्याचको १ सय रूपैयाँ पुरस्कार राखेको छ। हरेक खेलको म्यान अफ द म्याच हुने खेलाडीलाई १ हजार १ सय रूपैयाँ पुरस्कार पाउनेछन्। फाइनलको म्यान अफ द म्याच हुने खेलाडीलाई २ हजार १ सय रूपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिता सम्पन्न गर्न करिब १४ लाख ७५ हजार रूपैयाँ खर्च हुने आयोजकले जनाएको छ।

# घरेलु मैदानमा न्युजिल्याण्डविरुद्ध बंगलादेश विजयी



**सिलेट (एजेन्सी–** न्युजिल्याण्डविरुद्धको दुई टेस्टको शृंखलाको पहिलो खेलमा बंगलादेशले जित हात पारेको छ। सिलेटमा जारी खेलमा बंगलादेशले न्युजिल्याण्डलाई १५० रनले पराजित गरेको हो।

घरेलु मैदानमा न्युजिल्याण्डविरुद्धको टेस्टमा बंगलादेशको यो पहिलो जित हो। बंगलादेशी टोली पछिल्लो २४ महिनामा दोस्रो पटक न्यूजिल्याण्डविरुद्धको टेष्ट खेल जित्न सफल भएको छ। यसअघि गत वर्ष बंगलादेशले न्यूजिल्याण्डलाई उसैको घरेलु मैदानमा ८ विकेटले पराजित गरेको थियो। दुई टेष्टको शृंखला १-१ को बराबरीमा सकिएको थियो।

चौथो दिनको खेल समाप्त हुँदा न्युजिल्याण्डले ४९ ओभरमा ७ विकेट गुमाएर ११३ रन बनाएको थियो। अन्तिम दिन न्युजिल्याण्डलाई जितका लागि २ सय १८ रन आवश्यक थियो। बंगलादेशलाई जितका लागि ३ विकेट चाहिएको थियो। तर न्युजिल्याण्डको टोली १८१ रनमा सीमित बन्यो।

न्युजिल्याण्डका लागि डेरल मिचेलले ५८ रन बनाए भने कप्तान टिम साउथीले ३४ रनको योगदान दिए। बंगलादेशका लागि तइजुल इस्लामले ६ विकेट लिँदै न्युजिल्याण्डको पाली ध्वस्त बनाए। नयिम हसनले २ विकेट लिए।

यसअघि बंगलादेशले पहिलो इनिङ्समा ३१० रन र दोस्रो इनिङ्समा ३३८ रन बनाएको थियो। न्युजिल्याण्डले पहिलो इनिङ्समा ३१७ रन मात्रै बनाउन सकेको थियो।

# अल नासरलाई हराउँदै अल हिलाललाई शीर्ष स्थानमा अग्रता



**रियाद (एजेन्सी)–** अल हिलालसँग पराजित हुँदै क्रिस्टियानो रोनाल्डोको अल नासरलाई उपाधि होडमा ठुलो धक्का लागेको छ। शुक्रबार भएको खेलमा ३-० को जीत हासिल गर्दै अल हिलालले साउदी प्रो लिगमा ७ अङ्कको अग्रता बनाउन सफल भएको हो।

निकै रोमाञ्चक बनेको खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। दोस्रो हाफको ६४ औं मिनेटमा सर्गेज मिलिन्कोभिच साभिचले गोल गर्दै अल हिलाललाई अग्रता दिलाए। लगत्तै रोनाल्डोले भलीमार्फत गोल गरेपनि त्यसलाई अफसाइड करार गरिएको थियो।

खेलको अन्त्यमा अलेक्सान्डर मिट्रोभिचले दुई गोल गर्दै टोलीलाई शानदार जीत दिलाए। हालसम्म अपराजित अल हिलालको १५ खेलबाट ४१ अङ्क रहेको छ भने समान खेलबाट अल नासरको ३४ अङ्क छ।



इजरायल र हमासबीचको अस्थायी युद्धविराम सकिएसँगै शनिबार आफ्नो घर छाडेर अन्यत्र जाने तयारीमा दक्षिणी गाजापट्टीको खान युनिसमा कतारी–वित्त पोषित हमाद टाउन आवासीय परिसरका बासिन्दाहरू । इजरायल र हमासबीचको अस्थायी युद्धविराम शुक्रबारबाट सकिएको छ । *तस्बिरः एएफपी*

# गोली चल्दा पाकिस्तानमा दुई जनाको मृत्यु

**इस्लामावाद–** पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा शुक्रबार पोलियो उन्मूलन टोलीमाथि भएको आक्रमणमा एकजना प्रहरीसहित एकजना आतंककारीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटना प्रान्तको खैबर जिल्लामा भएको हो । बच्चालाई पोलियो थोपा खुवाउन घरदैलो अभियानमा भाग लिएर फर्किने क्रममा आतंककारीले सो टोलीलाई निशाना बनाएको प्रहरीले जनाएको छ । प्रहरीको विज्ञप्तिअनुसार प्रहरीको जवाफी कारबाहीमा आतंककारीको मृत्यु भएको हो । फरार अपराधीलाई पक्राउ गर्न सो क्षेत्रमा खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

पोलियो टोली सुरक्षित रहेको छ भने बालबालिकालाई पोलियो खोप खुवाउने अभियान अर्को सूचना नआएसम्मका लागि स्थगित गरिएको छ ।

अनुसन्धानका लागि प्रहरीले उक्त क्षेत्रलाई घेराबन्दी गरेको छ । अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन । *रासस/सिन्ह्वा*

# लस भेगासमा गोली चल्दा दुई जनाको मृत्यु

लस एन्जलस- लस भेगासमा शुक्रबार भएको गोलीकाण्डमा दुई जनाको मृत्यु हुनाका साथै अन्य तीन जना घाइते भएका छन् । स्थानीय समाचार च्यानलले प्रहरीलाई उद्धृत गर्दै जनाएअनुसार स्थानीय समय साँझ ५:३४ मा गोली चलेको हो ।

प्रहरीले गोलीबारीमा मारिएका दुई जनाको चोटपटकबाट मृत्यु भएको खुलासा गरेको छ भने अन्य तीनजनालाई चोटपटक लागे पनि खतारामुक्त रहेको बताएको छ ।

लस भेगास महानगरीय प्रहरी विभागका प्रवक्ताले पीडितलाई 'घरविहीन' व्यक्ति भएको उल्लेख गरेको छ ।

यसैबीच, एबिसी समाचार च्यानलले लस भेगासमा शुक्रबारको गोलीबारी लस एन्जलसका हालैका घटनासँग सम्बन्धित नभएको बताएको छ । सो घटनामा घरबारविहीनहरूलाई गोली हानेर मारिएको थियो र सम्भावित सिरियल किलरले लक्षित गरेको हुनसक्ने प्रक्षेपण गरिएको छ ।

ती तीनजना पीडितहरू फुटपाथ (गल्ली)मा एक्लै सुतिरहेका बताइएको छ । आक्रमणकारी अझै फरार छन् । *रासस/सिन्ह्वा*

# हरित जलवायु कोषका लागि अमेरिकाको तीन अर्ब अमेरिकी डलर सहयोग

**दुबई–** अमेरिकाकी उपराष्ट्रपति कमला हचारिसले संयुक्त राष्ट्रसंघको कोप-२८ सम्मेलनमा संयुक्त राज्य अमेरिकाले विश्वव्यापी हरित जलवायु कोषका लागि तीन अर्ब अमेरिकी डलर सहयोग गर्ने घोषणा गरेकी छन् ।

हचारिसले दुबईमा आयोजित जलवायु शिखर सम्मेलनमा भनिन्, 'आज, हामी काममार्फत विश्वले यस संकटको सामना कसरी गर्न सक्छ र गर्नुपर्छ भनेर प्रदर्शन गरिरहेका छौं ।'

अमेरिकी कंग्रेसले अनुमोदन गर्नुपर्ने नयाँ रकम सन् २०१० मा स्थापना भएको हरित जलवायु कोष (जिसिएफ) मा जाने छ ।

सन् २०१४ मा तत्कालीन राष्ट्रपति बाराक ओबामाको कार्यकालमा विकासशील मुलुकका लागि उक्त कोषमा अमेरिकाले अन्तिमपटक तीन अर्ब अमेरिकी डलर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

विश्वको सबैभन्दा ठूलो जलवायु कोषले पाकिस्तानमा सौर्य प्यानल वा हाइटीमा बाढी व्यवस्थापन गरेजस्तै विकासोन्मुख देशहरूमा अनुकूलन र न्यूनीकरण परियोजनाहरूका लागि अनुदान र ऋण प्रदान गर्दछ ।

अमेरिकाले सहयोग घोषणा गर्नुअघि जिसिएफमा १३ अर्ब ५० करोड अमेरिकी डलर दिने प्रतिबद्धता जनाइएको थियो ।

धनी राष्ट्रहरूले जलवायु परिवर्तनको सामना गर्न विकासशील राष्ट्रहरूलाई सहयोग गर्ने वित्तीय प्रतिबद्धताहरू पूरा गर्न असफल हुनुले जलवायु परिवर्तनसम्बन्धी वार्तामा तनाव र अविश्वासलाई बढाएको छ ।

जलवायु परिवर्तनका लागि कम जिम्मेवार विकासशील देशहरूले चरम मौसमको बढ्दो क्रूर र महँगो परिणामहरूको अनुकूलन गर्न र स्वच्छ ऊर्जा स्रोतहरूमा उनीहरूको संक्रमणका लागि धनी प्रदूषक राष्ट्रहरूबाट समर्थन खोजिरहेका छन् ।

धनी देशहरूले गरिब राष्ट्रहरूलाई वार्षिक रूपमा १०० अर्ब अमेरिकी डलरको जलवायु वित्तपोषण आपूर्ति गर्ने छुट्टै प्रतिज्ञामा जिसिएफले भूमिका खेल्छ । तर त्यो प्रतिज्ञा सम्भवतः दुई वर्ष ढिलागरी सन् २०२२ मा मात्र पूरा भएको थियो । *रासस/एएफपी*

# बढी कार्बन उत्सर्जन गर्ने कोइला प्लान्ट नियन्त्रण गर्दै जापान

**टोकियो–** जापानी प्रधानमन्त्री फुमियो किशिदाले कार्बन उत्सर्जन घटाउने उपायहरू नभएका नयाँ कोइलाबाट चल्ने बिजुली केन्द्रहरू निर्माण गर्न रोक्ने वाचा गरेका छन् ।

दुबईमा भएको संयुक्त राष्ट्रसंघको कोप जलवायु शिखर सम्मेलनमा प्रधानमन्त्रीले यस्तो घोषणा गरेका हुन् । आयातीत कोइला र अन्य जीवाश्म इन्धनमा अत्यधिक निर्भर जापानले सन् २०५० सम्ममा कार्बन तटस्थ बन्ने लक्ष्य राखेको छ ।

जापानी विदेश मन्त्रालयलका अनुसार 'नेट-शून्यको बाटोमा, जापानले स्थिर ऊर्जा आपूर्ति सुरक्षित गर्दै घरेलु अप्रत्यासित कोइला पावर प्लान्टको नयाँ निर्माण अन्त्य गर्ने छ,' प्रधानमन्त्री किशिदाले उल्लेख गरेका छन् ।

सन् २०५० सम्म कार्बन तटस्थताको लक्ष्य सार्वजनिक गरिएको छ । उनका अनुसार जापानले पहिले नै हरितगृह ग्यास उत्सर्जनमा २० प्रतिशतले कटौती गरिसकेको छ । सन् २०१३ को स्तरबाट २०३० सम्ममा ४६ प्रतिशत घटाउने लक्ष्यमा प्रगति गरिरहेको छ ।

कार्बन उत्सर्जन कम गर्न, जापानले पावर स्टेसनमा ग्यास र कोइलासँगै जलाएर हाइड्रोजन र यसको व्युत्पन्न अमोनियाको प्रयोगलाई बढावा दिइरहेको बताएको छ ।

तथापि, विशेषज्ञहरू यस विषयमा जापानप्रति शंकास्पद छन् । लियो रोबर्ट्स, जलवायु थिंक ट्याक झ्घन्को अनुसन्धानकर्ताका अनुसार यो परिवर्तन अवस्थित 'जीवाश्म इन्धन पूर्वाधार'को आयु बढाउने 'आधार' थियो ।

उनले थपे, 'अमोनिया आफैं उत्पादन गर्न आवश्यक छ, जुन सम्पूर्ण अन्य उद्योग हो र त्यसो गर्न बिजुली चाहिन्छ ।'

सरकारले जापानका थप आणविक रिएक्टरहरू पुनः सुरु गर्ने पनि बताएको छ । सन् २०११ को मार्चमा फुकुशिमा दाइची आणविक प्लान्टमा सुनामीले पग्लिएपछि, जापानले आफ्ना सबै आणविक रिएक्टरलाई समीक्षा गर्न र सुरक्षा नियन्त्रणहरूलाई बलियो बनाउन रोकेको हो ।

यसले देशलाई आयातीत जीवाश्म इन्धनमा अत्यधिक निर्भर बनाएको टिप्पणी हुने गरेको छ । विशेषगरी प्राकृतिक ग्यास जसले जापानको कूल बिजुली उत्पादनको लगभग ४० प्रतिशत योगदान गर्दछ भने, कोइलाले लगभग ३० प्रतिशत प्रतिनिधित्व गर्दछ । *रासस/एएफपी*

# सोमालियामा बाढीबाट १०० को मृत्यु

**संयुक्त राष्ट्रसंघ–** सोमालियामा भारी वर्षाका कारण आएको बाढीका कारण झण्डै १०० जनाको मृत्यु भएको छ । बाढीबाट करिब सात लाख ५० हजार मानिस घरबारविहीन भएको मानवीय मामिलाको समन्वयका लागि संयुक्त राष्ट्रसंघको कार्यालयले शुक्रबार जनाएको छ ।



'देश विपत्तिमा छ, विनासकारी वर्षा र बाढी फैलिरहेको छ,' एजेन्सीले उल्लेख गरेको छ ।

मुसलधारे वर्षाले नदीमा पानीको बहाव बढेपछि दक्षिण पश्चिम, गाल्मुडुग, पुन्टल्याण्ड, हर्साबेले र जुबाल्याण्ड, साथै बानादिर क्षेत्रका अधिकांश मानिसहरूप प्रत्यक्ष प्रभावित भएका छन् ।

संयुक्त राष्ट्रसंघ मानवीय एजेन्सीले जनाएअनुसार लाखौं सोमालीहरूले भोक र कुपोषणसँग लडिरहेका बेला प्राकृतिक विपत्तिले स्थिति झन् दर्दनाक बनाएको छ । पाँच वर्ष मुनिका १५ लाख बालबालिका कुपोषणको चरम पीडाको सामना गरिरहेका छन् । *रासस/सिन्ह्वा*

# दक्षिणी फिलिपिन्समा ११ चरमपन्थी मारिए

**मनिला–** दक्षिणी फिलिपिन्समा २० मिनेटसम्म चलेको झडपमा सेनाले इस्लामी आतंककारी समूह दावलाह इस्लामियाका ११ जना कथित सदस्यहरूलाई मारेको छ ।

फिलिपिन्स सेनाको छैटौं इन्फन्ट्री डिभिजनका लेफ्टिनेन्ट कर्णेल डेनिस अल्मोराटोले दातु होफर अम्पाटुआन सहरमा शुक्रबार दिउँसो भएको झडपमा सेनाले ११ संदिग्ध चरमपन्थी मारेको बताएका छन् ।

सेनाले सो समूहलाई आक्रमण गर्न दुई एफए-५० लडाकु जेट र तोपखाना प्रयोग गरेको बताएको छ । 'हामीले यस क्षेत्रमा अनुमानित १५ दलह इस्लामिया लडाकुहरू विरुद्ध हवाई हमला गर्यौं,' उनले पत्रकारहरूलाई भनेका छन् ।

अल्मोरातोले जनाएअनुसार सेनाले झडप स्थलबाट आठ वटा हतियार बरामद गरेको छ । झडपमा कुनै पनि सरकारी सैनिकतर्फ भने कुनै क्षति भएको छैन । रासस/सिन्ह्वा

# वायु रक्षा प्रणाली उत्पादनमा युक्रेनको योजना

**किभ–** युक्रेनले १०० किलोमिटरको दूरीमा हवाई खतरालाई रोक्न सक्ने वायु रक्षा प्रणाली उत्पादन गर्ने योजना बनाएको सरकारद्वारा सञ्चालित युक्रेनफर्म समाचार एजेन्सीले रक्षा मन्त्रालयका वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै शुक्रबार उल्लेख गरेको छ ।

युक्रेनका उपरक्षामन्त्री इभान हयाभ्रिल्युकले अर्को वर्ष युक्रेनले पोर्टेबल एन्टि-एयरक्राफ्ट मिसाइल प्रणालीसहित १०० किलोमिटरभन्दा बढीको दूरीको कोरल प्रकारको वायु रक्षा प्रणाली उत्पादनमा ध्यान दिने बताएका छन् ।

सन् २०२४ मा युक्रेनले रूससँगको जारी द्वन्द्वका बीच मिसाइल र गोला बारुदको खरिदका लागि कूल १७५ बिलियन रिभनिया (लगभग ४.८ बिलियन अमेरिकी डलर) छुट्याउने हाभ्रिलिकले बताएका छन् ।

लुच डिजाइन ब्युरोद्वारा विकसित, कोरल हवाईजहाज, हेलिकप्टर, क्रुज मिसाइल, ब्यालेस्टिक मिसाइल र मानवरहित हवाई सवारीलाई नष्ट गर्न सक्षम एक विमान विरोधी मिसाइल हो । कोरल मिसाइलको प्रोटोटाइप पहिलोपटक २०२१ मा सार्वजनिक गरिएको थियो ।

हाल, युक्रेन आफ्नो आकाशलाई मिसाइल र ड्रोनबाट जोगाउन विदेशी वायु रक्षा प्रणालीमा निर्भर छ त्यसले आफ्नो सुरक्षामा खतरा उत्पन्न हुन सक्ने युक्रेनको बुझाइ छ । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११९००० | प्रति तोला - ११८४५० | प्रति तोला - १५४० |

# हिमालय एयरलाइन्सको काठमाडौं-सांघाई उडान सुरु

■ प्रभाव संवाददाता




**काठमाडौं–** हिमालय एयरलाइन्सले चीनको सांघाई सहरमा सिधा उडान सुरु गरेको छ । एयरलाइन्सले चीनको ठूलो सहर सांघाईमा शनिबारदेखि नियमित उडान प्रारम्भ गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट शनिबार ९:२० बजे एक सय ३७ यात्रुसहितको हिमालयको जहाज सांघाई उडेको हो । उक्त जहाज सांघाईबाट यात्रु लिएर शनिबार राति नौ बजे काठमाडौं विमानस्थलमा अवतरण गरेको एयरलाइन्सले जनाएको छ ।

काठमाडौं-सांघाई उडान पाँच घण्टा २० मिनेटको हुनेछ । हरेक शनिबार विहान नियमित उडान हुने कम्पनीले जनाएको छ । सांघाईमा हिमालय एयरलाइन्सको यो पहिलो उडान हो । योसहित कम्पनीले चीनको राजधानी बेइजिङसहित विभिन्न नौ सहरमा उडान विस्तार गरेको छ ।

उद्घाटन उडानबारे जानकारी दिन शनिबार त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा हिमालय एयरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले चीनको मूख्य व्यापारिक र पर्यटकीय सहरमा सिधा उडानले दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउनुका साथै बढी भन्दा बढी चिनियाँ पर्यटक नेपाल आकर्षण गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

उनले नेपाल-चीन सम्बन्धलाई थप उचाइमा लैजान, व्यावसायिक साझेदारी बढोत्तरीका साथै चिनियाँ पर्यटक भित्र्याउन काठमाडौं-सांघाई हवाई सम्पर्क सञ्जालले टेवा पुग्नेमा विश्वास व्यक्त गरे ।

उपाध्यक्ष श्रेष्ठले कोभिड-१९ पछि नेपालमा चिनियाँ उडान बढेको, सीमा नाकाहरू खुलेकाले आगामी दिनमा उडान बढ्ने र पर्यटक आगमनमा पनि बढोत्तरी हुने बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले कोभिड महामारीपछि चीनबाट क्रमशः उडान विस्तार भइरहेकाले आगामी दिनमा चिनियाँ पर्यटक बढ्ने विश्वास व्यक्त गरे । उनले पछिल्लो समय काठमाडौं विमानस्थलमा अन्तर्राष्ट्रियतर्फ दैनिक एक सयभन्दा बढी उडानमार्फत करिब १५ हजार यात्रु आवत-जावत गरिरहेको जानकारी दिए ।

नेपालका लागि चिनियाँ राजदूताबासका आर्थिक तथा वाणिज्य कन्सुलर छि यूले सांघाई-काठमाडौंमा हिमालय एयरलाइन्सको उडानले दुई देशबीचको सम्बन्ध बलियो हुनुका साथै व्यापारिक दृष्टिले पनि महत्वपूर्ण भएको बताए ।

सांघाई जनवादी गणतन्त्र चीनको ठूलो सहरमध्ये एक हो । करिब ४० मिलियन जनसंख्या रहेको सांघाई चीनको उद्योग कलकारखानाको राजधानीका रूपमा पनि कहलिएको छ । यो चीनको मूख्य व्यापारिक केन्द्र पनि मानिन्छ ।



**पुनहिलमा पर्यटक** | चक्रिय अन्नपूर्ण पदमार्गले समेटिएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा अवस्थित पर्यटकीयस्थल पुनहिलमा हिमाल र सूर्योदयको अवलोकन गर्न आएका पर्यटक । *तस्बिरः कमल खत्री/रासस*

# 'आर्थिक संकट न्यूनीकरण हुँदै छ'

**काठमाडौं (प्रस)–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मुलुकमा आर्थिक सङ्कट न्यूनीकरण हुँदै गएको बताएका छन् । नेपाल आर्थिक पत्रकार सङ्घको १४औं वार्षिक साधारणसभामा उनले जनताको आर्थिक अवस्था सुधार गर्न उत्पादन तथा उद्यमशीलताको विकास गर्नुपर्ने बताए । मन्त्री ज्वालाले मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी जनतालाई आर्थिक-सामाजिक अधिकार प्रदान गर्न सकिने भन्दै जनताको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न वैज्ञानिक समाजवाद कार्यान्वयनमा जोड दिए । सामाजिक न्याय, समानता तथा समृद्धि कायम गर्न विश्व परिवेशमा प्रयोग भएको समाजवादी व्यवस्थाले आर्थिक, वर्गीय, लैङ्गिक शोषण अन्त गर्न सक्ने उनको भनाइ थियो ।

मन्त्री ज्वालाले समाजवादमा शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षालगायत विषयलाई सर्वसाधारण नागरिकको पहुँचमा पुऱ्याउने विशेषता हुने भएकाले पत्रकारले पनि समाजवादी तथा ग्रामीण विकासका क्षेत्रलाई महत्व दिएर समाचार लेख्नुपर्ने सुझाव दिए । स्थानीय तथा पूर्वाधार विकास र क्षमता अभिवृद्धिमा सरकारले लगानी वृद्धि गरेकाले पूँजीगत खर्च बढेको उनले बताए । यसले अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्ने उनको विश्वास थियो ।

मन्त्री ज्वालाले देशमा विप्रेषण सङ्कलन बढेको, ब्याजदर घट्दै गएकाले आर्थिक सङ्कट न्यूनीकरण भई अर्थतन्त्र सामान्य लयमा फर्कन लागेको जानकारी दिए । उनले मुलुकमा वैदेशिक लगानी आकर्षित गर्न लगानी सम्मेलनको गृहकार्य तथा तयारी सुरु भएको जानकारी दिए । उक्त अवसरमा आर्थिक क्षेत्रमा उत्कृष्ट समाचार लेखेका पत्रकारलाई पुरस्कृतसमेत गरिएको थियो ।

## चार महिनामा थपियो साढे ५७ अर्ब सार्वजनिक ऋण

**काठमाडौं (प्रस)** – चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक अवधिमा रू ५७ अर्ब ७१ करोडभन्दा बढी सार्वजनिक ऋण थपिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्ममा रू २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख बराबर रहेको सार्वजनिक ऋण कात्तिक मसान्तसम्म पुग्दा रू २३ खर्ब ५७ अर्ब छ करोड नाघेको हो ।

कार्यालयको गत कात्तिक मसान्तसम्मको तथ्याङ्कअनुसार हालसम्म नेपालले तिर्न बाँकी आन्तरिक ऋण रू ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख र बाह्य ऋण रू ११ खर्ब ७३ अर्ब ७९ करोड ६६ लाख रहेको छ ।

चालु आवको चार महिनामा सरकारले आन्तरिक ऋणको साँवाब्याज भुक्तानीमा रू ६५ अर्ब ४५ करोड ८३ लाख र बाह्य ऋणको साँवाब्याज भुक्तानीमा रू १६ अर्ब १८ करोड ६१ लाख बराबर भुक्तानी गरेको देखिएको छ ।

यही अवधिको ऋण प्राप्तिको अवस्था हेर्दा साउनदेखि कात्तिक मसान्तसम्ममा रू ९७ अर्ब ३१ करोड बराबर आन्तरिक ऋण र रू १५ अर्ब ८५ करोड ३० बाह्य ऋण गरी कूल एक खर्ब १३ अर्ब १६ करोड ३० लाख बराबर ऋण उठाइएको छ ।

चालु आवको पहिलो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ । गत कात्तिक मसान्तसम्ममा सरकारले रू २९ अर्ब ९८ करोड ९४ लाख बराबर पुँजीगत खर्च गरेको छ । यही अवधिमा सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा भने रू ८१ अर्ब ६४ करोड ४४ लाख बराबर खर्च गरेको छ ।

# कृषि उद्यममा लगानी बढाउँदै झापाका सहकारी

**झापा–** नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी)ले बचत तथा ऋण कारोबारसँगै रोजगारी सिर्जना हुने कृषि, उद्योग र व्यापारमा उल्लेख्य लगानी गरेको छ । संस्थाले डेरी उद्योग, एग्रो फार्म, सहकारी पसल र चिया उद्योगमा रु ७० करोड ५१ लाख ३७ हजार तीन सय चार लगानी गरेको अध्यक्ष ठाकुरप्रसाद शिवाकोटीले बताए । मेचीनगर नगरपालिका-६ काँकडभिट्टामा प्रधान कार्यालय रहेको यस संस्थाको ५८ वटा सेवा केन्द्र झापा, मोरङ र इलाम जिल्लामा सञ्चालनमा छन् ।

सबैभन्दा बढी लगानी एनएमसी एग्रो फार्ममा रहेको छ । मेचीनगर-१४ दुहागढीमा १६ बिघा क्षेत्रफलमा सञ्चालित उक्त फार्ममा संस्थाले रु २२ करोड ७५ लाख ९६ हजार आठ सय ३४ लगानी गरेको छ । अध्यक्ष शिवाकोटीका अनुसार पाँच वर्षअघि स्थापित उक्त फार्ममा हाल ८० वटा उन्नत जातको गाईपालन, ५० वटाभन्दा बढी कृषियन्त्र रहेको 'कस्टम हाइरिङ' सेवा, ५० घार मौरीपालन, पाँचवटा पोखरीमा माछापालन र हाँसपालन भइरहेको छ ।

कृषि तथा पशुपालनलाई व्यावसायिकरूपमा अघि बढाउने उद्देश्यका साथ सञ्चालित उक्त फार्ममा वार्षिक १४ लाख केजी साइलेज (पशु आहार) र फलफूल र तरकारीका एक लाख ७५ हजार बिरुवा उत्पादन हुँदै आएको छ । फार्मबाट उत्पादित महलाई संस्थाले आफ्नै ब्राण्डमा बजारमा बेच्न सुरु गरेको छ । संस्थाले 'एनएमसी' ब्राण्डको चिया, मह र डेरीका उपभोग्य वस्तु उत्पादन गर्दै आएको छ । दुई वर्षअघि मात्र चिया क्षेत्रमा प्रवेश गरेको सहकारीले झापाको मेचीनगर-३ सुरेन्द्रनगर, इलामको सिद्धपोखरी र साँघुबैंसीमा गरी तीनवटा चिया कारखाना सञ्चालन गरिरहेको छ ।

तीनवटै कारखानाबाट 'अर्ग्यानिक अर्थोडक्स' चिया उत्पादन हुँदै आएको छ । जसको ८५ प्रतिशत उत्पादन विदेशमा निर्यात हुने गरेको छ । आर्थिक वर्ष २०७९/८० मा एनएमसीले रु दुई करोड दुई लाख १३ हजार छ सय छ मूल्यबराबरको ८६ हजार पाँच सय ७८ केजी अर्ग्यानिक चिया भारत निकासी गरेको संस्थाका पूर्वअध्यक्ष रामचन्द्र उप्रेती बताउँछन् ।

आफ्नै फार्म र संस्थाका सदस्य किसानले उत्पादन गरेको वस्तु बिक्रीका लागि संस्थाले झापामा १६ र इलाममा एउटा गरी १७ वटा सुपरमार्केट शैलीका सुपथ सहकारी पसल सञ्चालन गरिरहेको छ । चार वर्षअघि सुरु भएको एनएमसी सहकारी पसलमा संस्थाले रु १९ करोड ९२ लाख १७ हजार छ सय १० लगानी गरिसकेको छ । गुणस्तरीय सामग्रीको बिक्री गर्ने पसलका रूपमा यसका बिक्री पसलले आम उपभोक्तामाझ अलग र विश्वसनीय पहिचान बनाएको उप्रेतीको दाबी छ ।

संस्थाले सञ्चालन गरेको अर्को महत्वपूर्ण व्यवसाय डेरी उद्योग हो । मेचीनगर-८ मा स्थापना भएको एनएमसी डेरी उद्योगले स्थानीय किसानबाट दैनिक १५ हजार लिटर कच्चा दूध सङ्कलन गरी प्रशोधन गर्दै आएको छ । आठ वर्षअघि स्थापना भएको उक्त उद्योगमा संस्थाले रु १५ करोड लगानी गरेको जनाएको छ । उद्योगमा छ हजार पाँच सय किसान प्रत्यक्षरूपमा जोडिएका छन् भने दैनिक सरदर रु १३ लाखको कारोबार भइरहेको बताइएको छ । उद्योगले कच्चा दूधलाई प्रशोधन गरी प्रशोधित दूध, दही, पनिर, नौनी, घिउ, मिठाइ उत्पादन गर्दै आएको उद्योगका डेरी व्यवसाय प्रमुख नवराज अधिकारीले जानकारी दिए ।

विसं २०५० मा स्थापना भएको नेपाल बहुउद्देश्यीय सहकारी संस्थामा हाल एक लाख ५० हजार सदस्य छन् । आव २०७९/८० मा संस्थाको सेयर पुँजी रु एक अर्ब ४० करोड र निक्षेप मौज्दात रु नौ अर्ब ३८ करोड ३० लाख २९ हजार छ सय ८५ रहेको थियो । संस्थाले कृषि तथा उद्योग व्यवसायमा लगानी बढाएसँगै रोजगारीको उल्लेख्य सिर्जना भएको छ । बचत तथा ऋण व्यवसायमा नौ सय ७९, सहकारी पसलमा एक सय १०, डेरी व्यवसायमा ७९, एग्रो फार्ममा ५८, चिया व्यवसायमा ५७ र कर्पोरेट कार्यालयमा ४३ जना कर्मचारी कार्यरत छन् । *रासस*

विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

सरकारी निकायले विज्ञापन गर्दा:

- सञ्चारमाध्यमको बीलको आधरामा भुक्तानी गरौं ।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं ।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ